

# हातेमालो एकीकृत मनोसामाजिक कार्यक्रम

## नेपालमा बेपत्ता भएका व्यक्तिहरुका परिवारहरुको लागि आईसीआरसीको एकीकृत मनोसामाजिक कार्यक्रम

## २०१०-२०१६

रेडक्रसको अन्तर्राष्ट्रिय समिति
काठमाडौं, नेपाल

ICRC

REPORT

ICRC

रेडक्रसको अन्तर्राष्ट्रिय समिति
पोष्ट बक्स नं: २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं
टेलिफोन: ४१७२८५ / ४१७२७९ फ्याक्स: ४१७१३७
ईमेल: kathmandu@icrc.org वेब: www.icrc.org
© आईसीआरसी, अगष्ट २०१६

# भूमिका

बेपत्ता भएका आफ्ना प्रियजन जिउँदै छन् कि मरिसके भन्ने बारेमा जानकारी पर्खँदै बेपत्ता व्यक्तिहरूका परिवारहरू बर्षौंदेखि पीडा र निराशामा बाँचिरहेका छन् । यसरी आफ्नो परिवारको प्रिय सदस्यको अवस्था अज्ञात रही द्विविधापूर्ण परिस्थिति सिर्जित हुनु असंख्य परिवारहरूको निम्ति एउटा कटु यथार्थको रूपमा रहेको छ । प्रियजन बेपत्ता भएको वर्षौंपछि पनि उनीहरूको वेदना यथावत रहिरहेको छ, जसले गर्दा उनीहरू व्यक्तिगत, पारिवारिक तथा सामुदायिक रूपमा पुनःस्थापन तथा मेलमिलापको स्थितिमा पुग्न असमर्थ रहेका छन् । परिवारको प्रिय सदस्यको अवस्था अज्ञात रही सिर्जित हुने यस्तो द्विविधापूर्ण परिस्थितिले उनीहरूलाई पीडैपीडामा रुमल्याउँछ, भावनात्मक रूपमा कमजोर तुल्याउँछ, अनि मनभित्र कहिल्यै नभरिने गहिरो चोट दिलाउँछ । बेपत्ता भएका आफ्ना बाबा-आमा, श्रीमान-श्रीमती, छोरा-छोरीलाई के भयो भन्ने थाहा नहुँदा र यदि मृत्यु भइसकेको अवस्था भए उनीहरूको अन्तिम संस्कार वा काजक्रिया गर्न नपाउँदा परिवारहरूलाई पीडा र ग्लानिको भार असैह्य हुन्छ ।

जेनेभा महासन्धि तथा तिनका अतिरिक्त आलेखहरू अनुरूप रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) लाई द्वन्द्व तथा हिंसाका अन्य परिस्थितिहरूका पीडितहरूलाई सहयोग र संरक्षण गर्ने कार्यादेश छ । नेपालमा दश वर्ष (वि.सं. २०५२-२०६३, सन् १९९६ देखि २००६) सम्म सशस्त्र द्वन्द्व हुँदा १,३०० भन्दा बढी व्यक्तिहरू बेपत्ता भए । आईसीआरसीले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई आफ्ना बेपत्ता प्रियजनको बारेमा स्पष्ट जानकारी प्राप्त गर्ने कार्यमा सहयोग गर्छ । सन् २०१० मा आईसीआरसीले बेपत्ता व्यक्तिका परिवारहरूलाई उनीहरूले भोग्दै आएका बहुआयामी समस्याहरू सामना गर्न सहयोग गर्नको लागि समुदायमा आधारित हातेमालो मनोसामाजिक सहयोग कार्यक्रम (हातेमालो कार्यक्रम) प्रारम्भ गर्‍यो । हातेमालो कार्यक्रमले स्थानीय गैरसरकारी संस्थाहरू र नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूसँग सहकार्य गर्दै सन् २०१० देखि हालसम्ममा ४६ जिल्लाका १,२९५ बेपत्ता व्यक्तिहरू (बेपत्ता भएका कूल व्यक्तिहरूको ९०%) का परिवारहरूलाई मनोवैज्ञानिक, सामाजिक-सास्कृतिक आर्थिक, उनीहरूको "जान्न पाउने अधिकार" सम्बन्धी तथा कानूनी सहयोग प्रदान गर्‍यो । यो कार्यक्रमको सञ्चालन अवधिभरि नै कार्यक्रमको सफल कार्यान्वयनको लागि सहकार्य साझेदार संस्थाको रूपमा स्रोत-साधन उपलब्ध गराएर तथा ऐक्यबद्धता जनाएर नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालय, हेफर इन्टरनेशनल र बेपत्ता परिवार समाज नेपाल (नेफाड) ले महत्वपूर्ण भूमिका निर्वाह गरे ।

हातेमालो कार्यक्रम कूल पाँच चरणमा सञ्चालित भयो । नमुना चरणको रूपमा बर्दियाबाट शुरु भई क्रमशः बिस्तार हुँदै चौथो बिस्तारमा पहाडी जिल्लाहरूसम्म पुग्यो । यो कार्यक्रमको कार्यान्वयन प्रक्रिया र प्रतिफलहरूको बारेमा अझ राम्रोसँग बुझ्नको लागि र विभिन्न चरणहरूमा कार्यक्रमको कार्यान्वयन रणनीति परिमार्जित र परिस्कृत गर्दै लैजाने उद्देश्यले दुईपटक वाह्य मूल्याङ्कनकर्ताहरूद्वारा मूल्याङ्कन गरियो । यो प्रतिवेदनमा बेपत्ता व्यक्तिहरूका परिवारहरूका आवश्यकताहरू, सहयोगी साथी कार्यक्रमको प्रारूप, कार्यन्वयन रणनीति, स्रोत परिचालन, साझेदारीका विभिन्न तहहरू र कार्यक्रम कार्यान्वयनका दौरान भएका सिकाइ तथा उपलब्धिहरू प्रस्तुत गरिएको छ । हातेमालो कार्यक्रम वित्तीय स्रोत र मानव संशाधनको हिसाबबाट एकदमै कठिन रह्यो । तर प्रतिफलको हिसाबमा भने बेपत्ता व्यक्तिहरूको परिवारहरूको जीवन, स्वास्थ्य र सुखशान्तिमा क्रमिक र दिगो सुधार देखिएको हुँदा यो कार्यक्रम परिवारको अगुवाइ तथा समुदायमा आधारित एक प्रभावकारी अभ्यास सावित भएको छ । यो कार्यक्रमले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई आफ्ना प्रियजन बेपत्ता भएको कारण हुने पीडा र द्विविधापूर्ण परिस्थितिसँग जुध्न र व्यक्तिगत, पारिवारिक अनि सामुदायिक सम्बन्धहरूको पुननिर्माण गर्न पर्याप्त मात्रामा सहयोग गरेको छ, जसको फलस्वरूप बेपत्ता व्यक्तिहरूका परिवारहरूका सदस्यहरूमा धेरै हदसम्म पीडा र निराशा कम भएको छ ।

बेपत्ता व्यक्तिहरूका परिवारहरूले आफ्ना बेपत्ता प्रियजनको अवस्था र स्थिति स्पष्ट पार्न तथा आफ्ना दुःख र पीडासँग जुध्ने क्रममा जुन साहस, दृढता र प्रतिष्ठा देखाएका छन्, त्यो अत्यन्तै सम्माननीय र सराहनीय छ । बेपत्ता व्यक्तिहरूका परिवारहरूले आफ्ना बेपत्ता प्रियजनको अवस्था र स्थितिका बारेमा जान्न पाउने अधिकार अझै सुनिश्चित भइसकेको छैन । यस सन्दर्भमा आईसीआरसीले आफ्ना बेपत्ता प्रियजनको अवस्था र स्थितिका बारेमा जान्न पाउने परिवारको अधिकार सुनिश्चित गर्न पैरवी गर्नुका साथै यस्तो जानकारी प्राप्त गर्ने प्रक्रियामा परिवारहरूलाई सम्भव भएसम्मको सहयोग पनि प्रदान गर्दै आइरहेको छ । यो कार्यक्रम सम्पन्न गर्न अमूल्य सहयोग गर्ने कार्यान्वयन साझेदार संस्थाहरू तथा सहकार्य साझेदार संस्थाहरूप्रति आईसीआरसी हार्दिक आभार प्रकट गर्दछ । यो कार्यक्रमको सफल कार्यान्वयनका क्रममा हातेमालो कार्यक्रमका कर्मचारीहरू, साभेदार संस्थाहरू र आईसीआरसीका कर्मचारीहरूले देखाएको लगन र समर्पणको आईसीआरसी सराहना गर्दछ । अन्त्यमा, नेपालको यो अर्थपूर्ण मनोसामाजिक कार्यक्रमको लागि निरन्तर रूपमा सहयोग प्रदान गरिरहने आईसीआरसीको केन्द्रीय कार्यालयका कर्मचारीहरूलाई आईसीआरसी काठमाडौं नियोग कृतज्ञता जाहेर गर्दछ ।

**आन्द्रे पाके**
**नियोग प्रमुख**
**नेपाल**

# कार्यकारी सारांश

नेपालमा सन् १९९६ देखि २००६ सम्म (वि.स. २०५२- २०६३) चलेको सशस्त्र संघर्षले हजारौं परिवारहरूको जीवनमा वियोग निम्त्यायो । सशस्त्र संघर्षको अन्त्य भएपछि पनि १,३०० भन्दा बढी व्यक्तिहरू अझै बेपत्ता रहेका छन् । सशस्त्र संघर्षको दौरान आईसीआरसीले ३,२३७ जनालाई बेपत्ता भएका व्यक्ति भनी अभिलेख गरेको थियो, तीमध्ये १,९०२ (५८.७५%) व्यक्तिहरूको भने अवस्था स्पष्ट भइसकेको छ । तथापि, १३०० भन्दा बढी परिवार बेपत्ता आफन्तको अवस्थाबारे अनभिज्ञ रहेका छन् । आईसीआरसीले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई आफ्ना बेपत्ता प्रियजनको बारेमा स्पष्ट जानकारी प्राप्त गर्न तथा परिवारको सदस्य बेपत्ता भएको कारण उनीहरूले भोग्दै आएका बहुआयामी समस्याहरू सामना गर्न सहयोग गर्दै आइरहेको छ ।

सन् २००८ मा आईसीआरसीले बेपत्ता व्यक्तिहरूका परिवारहरूको के-कस्तो अवस्था र समस्याका बारेमा एक अध्ययन गऱ्यो । यस अध्ययनले ६४% परिवारहरूले आफ्ना बेपत्ता प्रियजनको अवस्था र स्थितिका बारेमा जबाफ चाहेको देखायो । यस अध्ययनबाट ६२% परिवारहरूले आर्थिक सहायता चाहेको तथा २९% परिवारहरूले न्याय चाहेको देखियो । धेरैजसो बेपत्ता व्यक्तिहरूका परिवारहरूले बेपत्ता व्यक्तिको परिवारको रूपमा सरकारी मान्यता दिइयोस् भन्ने चाहना राखेका थिए भने केही परिवारहरू खास गरी महिलाहरूले आफ्ना परिवार र समुदायमा कठिनाइ भोग्नुपरेको गुनासो पोखेका थिए । अन्तर्वार्ता गरिएका धेरैजसो परिवारहरूले आफ्नो परिवारको सदस्य बेपत्ता भएको कारण मानसिक, सामाजिक र शारीरिक असरहरू भोग्दै आएको कुरा बताएका थिए ।

यस अध्ययनपश्चात, आईसीआरसीले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई अन्तरिम राहत र त्यस सम्बन्धी सहयोग, व्यावसायिक सहयोग उपलब्ध गराउदै उनीहरूका बेपत्ता आफन्तजनका बारेमा जवाफ ल्याउनका निन्ति तटस्थ र स्वतन्त्र अंगको भूमिका खेल्यो । केही वर्षअघि देखि नै आईसीआरसीले राष्ट्रव्यापी रूपमा बेपत्ता व्यक्तिहरूको एकीकृत सूची तयार पार्दै उनीहरूका परिवारहरूसँग निरन्तर सम्पर्कमा रहँदै आएको थियो । बेपत्ता व्यक्तिहरूका परिवारहरूसँग नजिक रहँदा आईसीआरसीलाई उनीहरूले आफ्ना आवश्यकता परिपूर्ति गर्नको लागि भोग्दै आएका समस्याहरू खास गरी उनीहरूलाई सेवा-सुविधाको खाँचो रहेको कुरा अवगत भयो र यसैबाट आईसीआरसीलाई बेपत्ता व्यक्तिहरूका परिवारहरूको लागि एक एकीकृत र बहुआयामी कार्यक्रम ल्याउन प्रेरणा मिल्यो । एकीकृत र बहुआयामी सहयोगसम्बन्धी आईसीआरसीको विश्वव्यापी रणनीतिमा उल्लेखित *'सहयोगी समूहहरूको अवधारणा'* मा आधारित भएर आईसीआरसी नेपाल प्रतिनिधिमण्डलले सन् २०१० मा सबैभन्दा धेरै बेपत्ता व्यक्तिहरूका परिवारहरू भएको जिल्ला बर्दियामा नमुना चरणको रूपमा हातेमालो कार्यक्रम शुरु गऱ्यो । जुलाई २०१० देखि मार्च २०१६ सम्म करीब छ बर्षको अवधिमा हातेमालो कार्यक्रमले १,३५० घरधुरीको ७,९६५ व्यक्तिहरूलाई सहयोग प्रदान गऱ्यो । यस कार्यक्रमले ४६ जिल्लाका बेपत्ता व्यक्तिहरूका १,२९५ परिवारहरूलाई सेवा प्रदान गऱ्यो ।

बेपत्ता व्यक्तिहरूका श्रीमतीहरू, आमाहरू र बुबाहरूको लागि सहयोगी समूहहरूको अवधारणामा आधारित भएर बहुआयामी गतिविधिहरू सञ्चालन गरिएको यस कार्यक्रमले बेपत्ता व्यक्तिहरूका परिवारहरूका सदस्यहरूलाई आवश्यकताअनुरूप व्यक्तिगत मनोविमर्श सहायता गर्नुका साथै विशिष्टीकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरू र अस्पतालहरू मार्फत उपचार सहायताको व्यवस्था मिलायो । किशोरकिशोरीहरूको लागि भने जीवन उपयोगी सीप तालिम र तनाव व्यवस्थापन एवं अप्ठ्यारो परिस्थितिसँग जुध्न मनोशिक्षा प्रदान गरियो । सहयोगी समूहहरू र मनोविमर्शकर्ताहरू मार्फत आईसीआरसीले बेपत्ता व्यक्तिको अवस्था र स्थितिका बारेमा परिवारले 'जान्न पाउने अधिकार' सुनिश्चित गर्न गरेका निरन्तर प्रयासहरू, आईसीआरसीले चालेका कदमहरूको प्रगति अनि संक्रमणकालीन प्रक्रियाहरूको विकासको बारेमा बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई जानकारी दिने र उनीहरूसँग अन्तर्क्रिया गर्ने कार्य गऱ्यो । घटनाका प्रत्यक्षदर्शीहरूसँग भएका अन्तर्क्रियाहरू मार्फत केही परिवारहरू (आईसीआरसीले अझैसम्म काम कारवाही गरिरहेको मामिलाहरूमध्ये) ले पहिलोपल्ट बेपत्ता प्रियजनको मृत्यु र पुरिएको स्थानको बारेमा जानकारी प्राप्त गरे । आधिकारिक कागजातहरू प्राप्त गर्न परिवारहरूले भोग्दै आएका प्रशासनिक कठिनाइहरूचाहिं सहयोगी साथीहरूको सहयोगमा सरकारी कर्मचारीहरूसँग कुरा गरेर सहजीकरण गरियो ।

परिवारहरूका सांस्कृतिक आवश्यकता परिपूर्ति गर्नको लागि जिल्ला तहमा ७४ संस्मरणात्मक कार्यक्रमहरू आयोजना गरिनुका साथै तथा बेपत्ता व्यक्तिहरूको नाममा सार्वजनिक स्थलहरूमा स्मारकहरू निर्माण गरिए । यी क्रियाकलापहरूमा १३,००० भन्दा बढिको उपस्थिति रह्यो, जसले गर्दा पुनस्थापन, मेलमिलापको वातावरणका साथै बहिस्करण, सीमान्तीकरण, र लाञ्छनाजस्ता कुराहरू न्यूनीकरण गर्नसमेत मद्दत मिल्यो ।

सार्वजनिक भेला, कलाकृति, सडक नाटक र अन्तर्क्रियाहरूजस्ता क्रियाकलापहरूले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई लाग्ने गरेको सामाजिक लाञ्छना हटाएर सामाजिक सहयोग प्राप्त गर्न सघाउ पुऱ्यायो । बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई हेफर इन्टरनेशनलसँगको साझेदारीमा चौपाया व्यवस्थापन र करेसाबारी रेखदेख लगायतमा पर्याप्त सीप तालिम सहित आर्थिक सहयोग प्रदान गरियो । बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई विभिन्न संघसंस्थाबाट उपलब्ध भइरहेका सहयोगको सम्बन्धमा जानकारी दिइयो; फलस्वरूप उनीहरू रिफरल (अन्यत्र पठाउने कार्य) मार्फत आर्थिक, स्वास्थ्य र छात्रवृतिजस्ता सहयोगहरू प्राप्त गर्न सफल भए ।

हातेमालो कार्यक्रम कार्यान्वयन गर्दा तयारी, क्षमता अभिवृद्धि, अनुगमन, मूल्याङ्कन र कार्यक्रमको दिगोपनाको लागि उपयुक्त वातावरण निर्माणको कार्य गरियो । कार्यक्रम तयारीको रूपमा बेपत्ता व्यक्तिहरूका परिवारहरूको आवश्यकताहरू अध्ययन गरियो, साझेदारी निर्देशिका तयार गरियो र स्थानीय तहमा के-कस्ता स्रोत-साधनहरू उपलब्ध छन् भनी लेखाजोखा गरियो । आठवटा स्थानीय संघसंस्थाहरू र नेपाल रेडक्रस सोसाइटीका २६ जिल्ला शाखाहरूसँग साझेदारी गरियो । २४० जना कर्मचारीहरू नियुक्त गरिए र कार्यक्रम कार्यान्वयनका विभिन्न पक्षहरूका बोरमा कर्मचारी तथा साझेदार संस्था दुवैको क्षमता अभिवृद्धि गरियो । सहयोगी साथीहरू छनौट गर्ने क्रममा बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई प्राथमिकता दिइयो (कूल १२४ जनामध्ये ४७ जना) जसको कारण बेपत्ता व्यक्तिहरूका परिवारहरूसँग सम्पर्क गर्न, राम्रो सम्बन्ध कायम गर्न, र कार्यक्रमका लाभान्वित समुदायको क्षमता अभिवृद्धि गर्न मद्दत मिल्यो । राष्ट्रिय र स्थानीय स्तरमा सञ्चालित विभिन्न सेवा प्रदायक संघसंस्थाहरूको ऐक्यबद्धता सञ्जाल गठन गरेर ती संघसंस्थाहरूको स्रोत-साधन परिचालन गर्दै बेपत्ता व्यक्तिहरूका परिवारहरूका लागि व्यवसायिक सीप तालिम, मानसिक तथा शारीरिक स्वास्थ्य र कानूनी/प्रशासनिक आवश्यकताहरू 'रिफरल' मार्फत अन्य विशिष्टीकृत संघसंस्थाबाट परिपूर्ति गर्ने व्यवस्था मिलाइयो । सन् २०११ र २०१४ मा गरिएका दुइवटा मूल्याङ्कन प्रतिवेदनहरूले यस कार्यक्रमका व्यवस्थापकहरूलाई कार्यक्रमको व्यवस्थापकिय पक्षबारे थप जानकारी लिन, उपलब्धिहरूको बोध गर्न तथा कार्यक्रमका संचालन रणनीतिहरूमा थप सुधार गर्दै समायोजन गर्न मदत गऱ्यो ।

हातेमालो कार्यक्रमको मद्दतबाट बेपत्ता व्यक्तिहरूका परिवारहरूले बेपत्ता प्रियजनको अवस्था र स्थितिका बारेमा 'जान्न पाउने अधिकार' सुनिश्चित गर्ने तथा बेपत्ता व्यक्तिको अवस्था स्पष्ट पार्ने आईसीआरसीका प्रयासहरूको बारेमा अन्तर्क्रिया गर्न सफल भए । १७९ परिवारहरूले आफ्ना बेपत्ता प्रियजन कहाँ छन् भन्ने बारेमा आधिकारिक जानकारी प्राप्त गरे । आफूले भोग्दै आएका कठिनाइहरू समाधान वा न्यून गर्नको लागि सरकारी वा गैरसरकारी संघसंस्थामार्फत सोझै सहायता प्राप्त गर्न वा 'रिफरल' मार्फत अन्य विशिष्टीकृत संघसंस्थाबाट सहायता प्राप्त गर्न अपनाउनुपर्ने कानूनी/प्रशासनिक प्रक्रियाहरूको बारेमा ८९% परिवारहरूले अभिमुखीकरण सत्रहरूमार्फत जानकारी प्राप्त गरे । ४७% परिवारहरूले आफ्ना कानूनी/प्रशासनिक समस्याहरूको सफलतापूर्वक समाधान गरे । ३०० जना आर्थिक रूपमा अति पिछडिएका महिलाहरूलगायत १,११२ परिवारहरूले आर्थिक सहायता प्राप्त गरे र लघु आर्थिक पहलसम्बन्धी सीप विकास गरे । यस अलावा, कमजोर आर्थिक अवस्था भएका ८६२ परिवारहरूले बेपत्ता व्यक्तिका परिवारहरूबाट 'उपहार प्रदान' कार्यक्रमअन्तर्गत पोथी चौपाया, कृषी ज्ञान तथा सीप प्राप्त गरे । त्यस्तै गरी ३०१ परिवारहरूले 'रिफरल' मार्फत दीर्घकालीन व्यवसायिक तालिम लिए र यस तालिममार्फत उनीहरूले जागिरको अवसर पनि प्राप्त गरे ।

हातेमालो कार्यक्रमले एकीकृत र बहुआयामी मानसिक स्वास्थ्य र मनोसामाजिक सहायतामार्फत बेपत्ता व्यक्तिहरूका परिवारहरूका १,४४२ सदस्यहरूलाई आफूले भोगेको मनोवैज्ञानिक तनाव बेसलाइन आंकडाको तुलनामा ४७% ले कम गर्न मद्दत गऱ्यो । यस कार्यक्रमको सहयोगमार्फत बेपत्ता व्यक्तिहरूका परिवारहरूका सदस्यहरूले दैनिक क्रियाकलापहरूमा धेरै भन्दा धेरै सहभागी भएर थप सामाजिक सहयोग प्राप्त गर्न सफल भए । कार्यक्रम कार्यान्वयनको सिलसिलामा चिन्ता, निराशा, मनोशारीरिक समस्या जस्ता व्यक्तिगत पीडाको मात्रा पनि धेरै हदसम्म घट्यो । कूल ९९८ मध्ये २६२ महिलाहरू र ४५२ मध्ये ४४ पुरुषहरूमा चिन्तासम्बन्धी लक्षणहरू रोगको तहबाट सामान्य तहमा आयो । त्यसै गरी कूल ९९८ मध्ये ३०० महिलाहरू र ४५२ मध्ये ४७ पुरुषहरूमा उदासीनताको समस्या र कूल ९९८ मध्ये ३३१ महिलाहरू र ४५२ मध्ये ३५ पुरुषहरूमा मनोशारीरिक समस्या रोगको तहबाट सामान्य तहमा आयो । हातेमालो कार्यक्रम समापन भएको चार वर्षपछि हालसालै बर्दियामा १८० जना महिलाहरूमा गरिएको अनुगमन जाँचले बेपत्ता प्रियजनको सम्झनाले हुने चिन्ता, निराशा, मनोशारीरिक समस्या र पीडाको औसत तह त्यहाँ हातेमालो कार्यक्रम बन्द हुँदा प्राप्त भएको औसत आँकडाकै छेउछाउ रहेको पाइयो । यसले कार्यक्रमका प्रतिफलहरू प्रभावकारी भएको र कार्यक्रम समापन भएपछि पनि रहिरहेको कुरा प्रमाणित गर्छ ।

# प्रतिवेदनमा प्रयोग भएका छोटकरी नामहरूको सूची

| | |
|---|---|
| एफजीडी | लक्षित समूह छलफल |
| हातेमालो कार्यक्रम | हातेमालो एकीकृत मनोसामाजिक कार्यक्रम |
| आईएएस्सी | इन्टर्-एजेन्सी स्ट्याण्डिङ कमिटी |
| आईसीआरसी | रेडक्रसको अन्तर्राष्ट्रिय समिति |
| एमएचपीएसएस | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग |
| सं. | संख्या |
| गैसस | गैरसरकारी संस्था |
| नेरेसो | नेपाल रेडक्रस सोसाइटी |
| 'उपहार प्रदान' | हेफर इन्टरनेशनलको 'उपहार प्रदान' को अवधारणा जसअन्तर्गत हेफर इन्टरनेशनलका कार्यक्रमहरूबाट सहयोग प्राप्त गरेका परिवारहरूले आफूजस्तै आर्थिक रूपमा कमजोर परिवारहरूलाई पोथी चौपाया, कृषि ज्ञान तथा सीप उपहार प्रदान गर्छन । |
| 'जान्न पाउने अधिकार' | परिवाररूले बेपत्ता व्यक्तिको अवस्था र स्थितिका बारेमा 'जान्न पाउने अधिकार' |
| गाविस | गाउँ विकास समिति |
| रिफरल | अन्यत्र पठाउने कार्य |

# विषय सूची


**प्रतिवेदनमा प्रयोग भएका छोटकरी नामहरूको सूची** २

१. सिंहावलोकन: नेपालमा 'बेपत्ता'को मुद्दा अनि बेपत्ता व्यक्तिका परिवारका आवश्यकताहरू ६

२. हातेमालो कार्यक्रमको औचित्य ८

३. कार्यक्रमको प्रारूप तथा अङ्गहरू ९

३.१ कार्यक्रमको प्रारूप ९

३.२ कार्यक्रमका अङ्गहरू ९

४. भौगोलिक फैलावट तथा लाभान्वितहरूको संख्या ११

५. कार्यान्वयन प्रक्रिया १२

६. कार्यक्रमको प्रतिफलहरू १३

६.१.० कार्यक्रमका क्रियाकलापहरूबाट प्राप्त प्रतिफलहरू १३

६.१.१ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग १३

६.१.२ 'जान्न पाउने अधिकार' सम्बन्धी सहयोग १६

६.१.३ कानूनी र प्रशासनिक सहयोग १६

६.१.४ आर्थिक सहयोग १७

६.१.५ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका गुणात्मक प्रतिफलहरू १८

६.१.६ उच्च तहका लक्षणहरू भएका लाभान्वितहरूमा देखिएको सुधार १९

६.१.७ हातेमालो कार्यक्रमको नमुना चरणका लाभान्वितहरूको २०१० देखि २०१६ सम्मको तुलनात्मक विश्लेषण २०

७ निष्कर्ष र सिकाइहरू २२

**परिशिष्टहरू** २४

परिशिष्ट १. आईसीआरसीको हातेमालो कार्यक्रमका साझेदार संस्थाहरू २४

परिशिष्ट २. मुख्य उपलब्धिहरू २५

परिशिष्ट ३. हातेमालो कार्यक्रमका विभिन्न चरणहरू र तिनको फैलावट २६

परिशिष्ट ४. नेपालमा सन् २०१६ सम्म पनि बेपत्ता रहेका व्यक्तिहरूका परिवारहरू (बेपत्ता व्यक्ति खोजी गर्ने परिवारजन हाल बसोबास गर्ने जिल्लाको आधारमा)। २७


## तालिकाहरूको सूची


तालिका १: लाभान्वितहरूलाई समूहमा छुट्याइएको तथ्यांक १२


## चित्रहरूको सूची


चित्र १: नेपालमा बेपत्ता भएका व्यक्तिहरूका परिवारहरूका आवश्यकताहरू ७

चित्र २: मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगसम्बन्धी आईएएससीको निर्देशिकामा आधारित भई हातेमालो कार्यक्रमको लागि परिवेश सुहाँउदो गरी तयार गरिएको पिरामिड ९

चित्र ३: सहयोगी समुहहरूमा आबद्ध सदस्यरूको कुल संख्या (बिस्तारका चरणहरू अनुरूप) १४

चित्र ४: आईसीआरसीले सहजीकरण गरेको 'जान्न पाउने अधिकार' सम्बन्धी बैठकहरूमा सहभागी भएका परिवारहरूको संख्या नं. हेर्नुहोस्। १७

चित्र ५: विभिन्न आर्थिक अवसरहरूबाट लाभान्वित भएका परिवारहरूको प्रतिशत १८

चित्र ६: मनोसामाजिक पीडाका मुख्य परिवर्त्यहरूमा देखिएको समग्र सुधार १९

चित्र ७: औषत सीमा भन्दा माथि प्राप्ताङ्क भएका व्यक्तिहरूमा देखिएको सुधार १९

चित्र ८: बर्दियामा सन् २०१० देखि २०१६ बीच देखिएको मनोवैज्ञानिक पीडाको प्रकृति २०

# १. सिंहावलोकन: नेपालमा "बेपत्ता" सम्बन्धी समस्या अनि बेपत्ता व्यक्तिको परिवारका आवश्यकताहरू

नेपालमा सन् १९९६ देखि २००६ सम्म (वि.स. २०५२- २०६३) चलेको दश वर्षे सशस्त्र संघर्षले हजारौं परिवारहरूको जीवनमा वियोग निम्त्यायो; हजारौं व्यक्तिहरू मारिए र १,३०० भन्दा बढी व्यक्तिहरू बेपत्ता भए । बेपत्ता भएका ती व्यक्तिहरू कहाँ छन्, जीउँदै छन् कि मरिसके, मरिसकेका भए उनीहरूको मानव अवशेष कहाँ छ भनेर उनीहरूका परिवारहरू आजका दिनसम्म पनि जानकारी खोजिरहेका छन् । सशस्त्र संघर्षको सुरुवातदेखि नै रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) ले बेपत्ता पारिएका र पक्राउ गरिएका भनी भनिएका घटनाहरूसम्बन्धी जानकारी सक्रिय रूपमा सङ्कलन गर्‍यो । १० वर्षे द्वन्द्वको अवधिमा ३,२२८ जना व्यक्तिहरूका परिवारहरूले आफ्ना प्रियजन द्वन्द्वरत पक्षहरूको हातबाट बेपत्ता हुन पुगे भनी आईसीआरसी वा नेपाल रेडक्रस सोसाइटी (नेरेसो) मा घटनाको दर्ता गराएका थिए तर हालसम्म २,४५८ जना (६४.७७%) को मात्र अवस्था स्पष्ट भइसकेको छ ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गत द्वन्द्वको समयमा बेपत्ता भएका व्यक्तिहरूको अवस्था र स्थितिको बारेमा जान्न पाउनु परिवारहरूको अधिकार हो । यदि बेपत्ता व्यक्तिको मृत्यु भएको हो भने कुन परिस्थितिमा भएको हो र उनीहरूको मृत शरीर कहाँ छ भन्ने जानकारी पाउनु पनि उनीहरूको अधिकार हो । आईसीआरसीले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई बेपत्ता प्रियजनको बारेमा यस्तो स्पष्ट जानकारी प्राप्त गर्न र परिवारको सदस्य बेपत्ता भएको कारण उनीहरूले भोग्दैआएका बहुआयामी समस्याहरू सामना गर्न सहयोग गर्दै आइरहेको छ ।

सन् २००८ मा आईसीआरसीले बेपत्ता व्यक्तिहरूका परिवारहरूको के-कस्तो अवस्था छ भन्ने बारेमा एक अध्ययन गर्‍यो । सन् २००९ मा प्रकाशित गरिएको त्यो अध्ययनले यी परिवारहरूको आवश्यकता उनीहरूको पारिवारिक परिस्थिति, शिक्षा र आर्थिक अवस्थाअनुसार फरफरक हुन्छ भन्ने देखायो । यो अध्ययनले देखाए अनुसार, बेपत्ता व्यक्तिहरूका परिवारहरूका मुख्य आवश्यकताहरू बेपत्ता प्रियजनको अवस्था र स्थितिका बारेमा जबाफ (६४%), आर्थिक सहायता (६२%) र न्याय (२९%) थिए । यस अध्ययनमा धेरै जसो बेपत्ता व्यक्तिहरूका परिवारहरूले बेपत्ता व्यक्तिको परिवारको रूपमा सरकारी मान्यता दिइयोस् भन्ने चाहना राखेका थिए भने केही परिवारहरू खास गरी महिलाहरूले आफ्ना परिवार र समुदायमा कठिनाइ भाग्नुपरेको गुनासो पोखेका थिए । अन्तर्वार्ता गरिएका धेरैजसो परिवारहरूले आफ्नो परिवारको सदस्य बेपत्ता भएको कारण मानसिक, सामाजिक र शारीरिक असरहरू भोग्दै आएको कुरा बताएका थिए ।

कूल ८३% परिवारहरूले बेपत्ता रहेको परिवारको सदस्यको अन्तिम संस्कार गर्नको लागि निजको शव वा मृत्युको प्रमाण चाहिन्छ भन्ने कुरा बताएका थिए । नेपालमा बेपत्ता भएका व्यक्तिहरूमध्ये ९० प्रतिशत पुरूष छन् । पाका उमेरका बुबा-आमा र श्रीमतीहरूले घरको कमाइ गर्ने व्यक्ति गुमाएका छन् र आर्थिक कठिनाइले ग्रस्त छन् । अध्ययनका क्रममा धेरै परिवारहरूले आफूहरूले पहिलेदेखि नै आर्थिक कठिनाइ भोग्दै आएको र परिवारको सदस्य बेपत्ता भएपछि उनीहरूको आर्थिक अवस्था झन कमजोर भएको कुरा बताएका थिए । धेरैजसो परिवारहरूले आफूहरूसँग जग्गाजमीन नभएको वा अत्यन्तै थोरै जग्गाजमीन भएको अनि उनीहरू आफ्नो सानो घरमा सीमित र भरपर्न नसकिने आम्दानीका स्रोतहरूमाझ जीवन गुजारा गर्ने गरेका कुरा बताएका थिए । यसै गरी बुबा बेपत्ता रहेका बालबालिकाहरूले अन्य बालबालिकाहरूबाट विभेदको शिकार भएको र जीवनको महत्वपूर्ण कालखण्डमा अभिभावकत्व गुमाएको कुरा बताएका थिए ।

बेपत्ता प्रियजनको अवस्था अज्ञात रही द्विविधापूर्ण परिस्थिति सिर्जना हुनु अनि उचित हेरविचारको अभाव हुनुले बेपत्ता व्यक्तिहरूका परिवारहरूमा हीनताबोध, आत्मग्लानि, आवेग, जीवनका महत्वपुर्ण कार्यहरूमा रुचि नलाग्ने, पारिवारिक कलह र आत्महत्याको सोचाइ जस्ता विभिन्न किसिमका मनोवैज्ञानिक समस्याहरू आउन थाल्छन् जुन पछि गएर निराशा, चिन्ता, छटपटी जस्ता मानसिक रोग र अन्य मनोशारीरिक समस्याका रूपमा देखा पर्छन । विशेष गरी बेपत्ता व्यक्तिका श्रीमतीहरू सामाजिक लाञ्छनाका शिकार बन्छन् । बेपत्ता व्यक्तिका श्रीमतीहरूले विधवाको रूप ग्रहण गरून् भन्ने समाजले अपेक्षा राख्दछ, तर धेरैजसो बेपत्ता व्यक्तिहरूका श्रीमतीहरूलाई यो कुरा स्वीकार्य छैन । श्रीमान्को सम्पत्तिमा आफ्नो हक कायम गर्न उनीहरूले कठिनाइ भोग्नुपर्दछ र माइतमा फर्केर बस्नु पनि आर्थिक र साँस्कृतिक रूपले नेपाली समुदायमा स्वीकार्य मानिँदैन । यसले गर्दा परिवारभित्रै पनि यी श्रीमतीहरूको भूमिका बदलिन्छ र उनीहरूलाई घरको एक जिम्मेवार सदस्य भन्दा पनि एक अतिरिक्त खाने मुखको रूपमा मात्र हेरिन्छ । यस्ता महिलाहरूको मनोसामाजिक आवश्यकता अत्यधिक रहेको कुरा बेपत्ता व्यक्तिहरूका परिवारहरूको आवश्यकताहरू सम्बन्धमा गरिएको उक्त अध्ययनले देखायो । बेपत्ता व्यक्तिहरूका छोराछोरीहरूले पनि विद्यालयमा पढाइ वा कार्यस्थलमा काममा ध्यान दिन नसक्ने, बेपत्ता आमाबुबाको बारेमा मात्रै मनमा कुराहरू खेलिरहने, हिनताबोध, आत्मग्लानी हुने जस्ता धेरै कठिनाइहरू भोग्दै आइरहेका थिए । बालबालिकाहरूले अभिभाकत्व र पारिवारको साथ गुमाएका थिए । बेपत्ता सम्बन्धी मात्रै विभिन्न प्रश्नहरू आइरहने, साथीभाई, शिक्षक अनि समुदायका सदस्यहरूबाट भेदभाव भइरहने र साथीभाइले गिज्याइरहने हुँदा सामाजिक तहमा पनि उनीहरूलाई गहन मनोवैज्ञानिक पीडा परिरहन्थ्यो ।

बेपत्ता व्यक्तिहरूका परिवारहरूका आवश्यकताहरू संक्षिप्त रूपमा तलको चित्रमा प्रस्तुत गरिएको छः




***चित्र १:*** *नेपालमा बेपत्ता भएका व्यक्तिहरूका परिवारहरूका आवश्यकताहरू*

# २. हातेमालो कार्यक्रमको औचित्य

बेपत्ता व्यक्तिहरूका परिवारहरूको आवश्यकताहरूको अध्ययन पश्चात आईसीआरसीले यी परिवारहरूलाई आफ्ना बेपत्ता प्रियजनको अवस्था के छ भन्ने बारेमा जबाफ, अन्तरिम राहत र व्यवसायिक सहयोगको आवश्यकता छ तथा बेपत्ता प्रियजनहरूको अवस्थाको बारेमा जबाफ ल्याउने एक तटष्थ र स्वतन्त्र निकाय आवश्यक छ भन्ने बारेमा पैरवी गर्न शुरु गऱ्यो । केही वर्षयता देखि नै आईसीआरसीले राष्ट्रव्यापी रूपमा बेपत्ता व्यक्तिहरूको एकीकृत सूची तयार पार्दै उनीहरूका परिवारहरूसँग निरन्तर सम्पर्कमा रहँदै आएको थियो । बेपत्ता व्यक्तिहरूका परिवारहरूसँग नजिक रहँदा आईसीआरसीलाई उनीहरूले आफ्ना आवश्यकता परिपूर्ति गर्नको लागि भोग्दै आएका समस्याहरू खास गरी उनीहरूलाई लक्षित गरिएको सेवा-सुविधाका खाँचो रहेको कुरा अवगत भयो र यसैबाट आईसीआरसीलाई आफ्नो विश्वयापी रणनीतिमा उल्लेखित 'सहयोगी समूहहरूको अवधारणा' मा आधारित भएर बेपत्ता व्यक्तिहरूका परिवारहरूको लागि एक एकीकृत र बहुआयामी कार्यक्रम ल्याउन प्रेरणा मिल्यो । मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रमहरू तयार गर्दा आकस्मिक परिवेशमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी इन्टरएजेन्सी स्ट्याण्डिङ कमिटि (आईएएस्सी)को निर्देशिकाले पनि यस्तै प्रकारको बहुआयामी सहयोग र बहुपक्षीय पद्दतिको सिफारिस गर्दछ ।


हातेमालो कार्यक्रम आईसीआरसीको सहयोगी समूहहरूको अवधारणाकै प्रतिबिम्ब थियो र परिवार तथा समुदायबाट दौंतरी सहयोग र मनोसामाजिक सहयोगकर्ताहरूको प्रयोग गर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी लामो समयदेखि प्रचलित पद्दतिहरूकै आधारमा तयार गरिएको थियो । यो कार्यक्रमले नेपाली मनोविद्हरू, मनोविमर्शकर्ताहरू र मनोसामाजिक सहयोगकर्ताहरूलाई परिचालन गऱ्यो । जुन एक यस्तो पद्दति थियो जसले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी पश्चिमी पद्दतिको अनुसरण गर्नुको सट्टा समुदायमा आधारित, सांस्कृतिक रूपमा सान्दर्भिक र तलदेखि माथि पद्दतिलाई नै सम्मान तथा मलजल गऱ्यो । कार्यक्रमले अपनाएको स्थानीय सरकारी र गैरसरकारी सराकोरवालाहरूसँग सञ्जाल बनाउने, उनीहरूलाई बेपत्ता व्यक्तिहरूका परिवारहरूका आवश्यकताहरूको बारेमा सचेतीकरण गर्ने र 'रिफरल' सहयोगमार्फत उपलब्ध स्रोत-साधनहरूमा परिवारहरूको पहुँच बढाउने जस्ता अभ्यासहरू साँच्चै नै उपयुक्त पद्दतिहरू थिए । खास गरेर, बेपत्ता व्यक्तिहरूका परिवारहरूका आवश्यकताहरू परिपूर्ति गर्नमा कार्यक्रमले अबलम्बन गरेको स्रोत परिचालन प्रक्रिया अत्यन्तै सान्दर्भिक थियो ।

आईसीआरसीले सन् २०१० मा बर्दिया जिल्लामा हातेमालो कार्यक्रम शुरु गरेको थियो जहाँ बेपत्ता व्यक्तिहरूका सबैभन्दा धेरै परिवारहरू (२७६ परिवारहरू) बस्थे । स्थानीय संघसंस्थाहरू र नेरेसोका जिल्ला शाखाहरूको छनौट गरी तिनीहरूको क्षमता अभिवृद्धि गर्नु पनि एकदमै उपयुक्त र सान्दर्भिक थियो । यसैको फलस्वरूप यी स्थानीय संघसंस्थाहरूबाट बेपत्ता व्यक्तिहरूका परिवारहरूले दह्रिलो सहयोग पाए र विभिन्न क्षेत्रहरूबाट हुने कार्यक्रमको सिकाइ पनि दिगो रहिरह्यो ।

# २. कार्यक्रमको प्रारूप तथा अङ्गहरू

## ३.१ कार्यक्रमको प्रारूप

हातेमालो कार्यक्रमको लक्ष्य बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई मनोवैज्ञानिक, पारिवारिक, सामाजिक-साँस्कृतिक, आर्थिक, कानूनी र प्रशासनिक सहयोग प्रदान गर्नुका साथै व्यक्तिगत, पारिवारिक, सामुदायिक र जिल्ला तहमा उनीहरूको प्रतिष्ठा, सुखशान्ति र प्रकार्यता पुन:स्थापन गरेर परिवारको सदस्य बेपत्ता भएको कारण भोग्नुपर्ने कठिनाईहरू न्यूनीकरण गर्नु थियो । शुरुवातमा गरिएको अध्ययन पछि पुन: विशिष्ट सामाजिक-साँस्कृतिक र संरचनात्मक दृष्टिकोणबाट उनीहरूको आवश्यकताबारेमा गहन अध्ययन गरिएको थियो । कार्यक्रमको नमुना चरणको दौरान परिवारहरूको परिवेश र संस्कृति विशेष अनुरूपका आवश्यकताहरू निर्क्योल गर्नको लागि लाभान्वित समूहहरू (बेपत्ता व्यक्तिहरूका श्रीमतीहरू, आमाहरू र बुबाहरू) का साथै बर्दिया जिल्लाका राजनीतिक, सामाजिक, जनजातीय र आध्यात्मिक अगुवाहरूसँग पनि लक्षित समूह छलफल (एफजीडी) गरिएको थियो ।




*चित्र २: मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी आईएएस्सीको निर्देशिकामा आधारित भई हातेमालो कार्यक्रमको लागि परिवेश सुहाँउदो गरी तयार गरिएको पिरामिड*

## ३.२ कार्यक्रमका अङ्गहरू

सहयोगी समूहहरू आधारभूत अङ्ग भएको बहुआयामी हातेमालो कार्यक्रम बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई आफ्नो परिवारको सदस्य बेपत्ता भएर भोग्नुपरेको मानसिक, शारीरिक र सामाजिक कठिनाइहरूसँग जुध्न सहयोग गर्ने उद्देश्यले तयार गरियो । यो कार्यक्रमको अर्को लक्ष्य परिवारहरूलाई नयाँ सम्बन्ध विकास गर्दै र नयाँ स्रोत-साधनहरूको उपयोग गर्दै जीवन सुचारु रूपमा अघि बढाउन सहयोग गर्ने थियो । यसका साथै यो कार्यक्रमले स्थानीय सेवाप्रदायकहरूको ऐक्यबद्धता सञ्जाल निर्माण गरी तिनको परिचालनमार्फत परिवारहरूलाई आर्थिक, कानूनी र प्रशासनिक सहयोग प्रदान गर्नमा पनि जोड दियो ।

बेपत्ता व्यक्तिहरूका परिवारहरूले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग, आर्थिक, कानूनी, प्रशासनिक सहयोग, जान्न पाउने अधिकार सम्बन्धमा परामर्श र सहयोगी समूह तथा व्यक्तिगत मनोविमर्शमार्फत उपचारात्मक सहयोग प्राप्त गरे । यो कार्यक्रमको आर्थिक सहयोग नेपालमा कार्यरत हेफर इन्टरनेशनल नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको साझेदारीमा तयार गरी कार्यान्वयन गरियो[१] । बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई भावनात्मक सहयोग प्रदान गर्न तथा स्थानीय स्रोत-साधनमा पहुँच प्राप्त गर्न सहयोग गर्न तालिमप्राप्त मनोसामाजिक मनोविमर्शकर्ताहरूको सुपरीवेक्षणमा सहयोगी साथीहरूले मुख्य भूमिका निर्वाह गरे । यो कार्यक्रमका प्रत्येक अङ्गअन्तर्गत कार्यान्वयन गरिएका क्रियाकलापहरू तल उल्लेख गरिएका छन्:

१ http://www.heifernepal.org

| कार्यक्रमका अङ्गहरू | क्रियाकलापहरू |
|---|---|
| मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग | बेपत्ता व्यक्तिहरूका श्रीमतीहरू, आमाहरू र बुबाहरूको लागि लक्षित समूह छलफल |
| | विशेष मानसिक आवश्यकता भएका भनी पहिचान गरिएका व्यक्तिहरूलाई व्यक्तिगत मनोविमर्श |
| | तनाव व्यवस्थापन एवं अप्ठ्यारो परिस्थितिसँग जुध्न मनोशिक्षा |
| | किशोरकिशोरीहरूको लागि जीवन उपयोगी सीप तालिमहरू |
| | मानसिक स्वास्थ्यको लागि परामर्श, 'रिफरल' र सहयोग |
| पारिवारिक सहयोग | जानकारी सत्रहरू |
| | 'रिफरल' मार्फत मध्यस्थता सेवा प्रदान गर्ने संघसंस्थाहरूमा पठाउने |
| आध्यात्मिक र सांस्कृतिक सहयोग | संस्मरणात्मक सार्वजनिक स्थलहरू, सामदायिक भवन निर्माण र खानेपानी आपूर्ति व्यवस्था |
| | संस्मरणात्मक क्रियाकलापहरू (पूजा, परिवार ऐक्यबद्धता सहभोजहरू) |
| सामाजिक र सामुदायिक सहयोग | सामुदायिक सचेतीकरण क्रियाकलापहरू (सडक नाटक, कला प्रदर्शनीहरू) |
| | सामुदायिक भेला र अन्तर्क्रियाहरू समुदायका अगुवाहरू तथा स्थानीय संघसंस्थाहरूको परिचालन |
| | जिल्लास्तरीय कार्यशाला गोष्ठी र अन्तर्क्रियाहरू |
| आर्थिक सहयोग | आय आर्जनको लागि चौपाया, बीउविजन र/अथवा वित्तीय सहयोग |
| | हेफर इन्टरनेशनलको आधारशिलाका सिद्धान्त, खेती किसानी वा बाह्य जीवन दुवैमा प्रभावकारी जीविका, करेसाबारी तरकारी खेती आदिका बारेमा तालिम |
| | समूहको दिगोपना सम्बन्धी तालिम (सहकारी व्यवस्थापन) र अध्ययन अवलोकन भ्रमणहरू |
| | उपहार प्रदान (समूह निर्माण, तालिम र कार्यक्रमहरू) |
| कानूनी र प्रशासनिक सहयोग | कानूनी र प्रशासनिक प्रक्रियाहरूको बारेमा परिवारहरूलाई जानकारी र अभिमूखीकरण |
| | कानूनी र प्रशासनिक प्रक्रियाहरूको लागि सहयोग गर्ने (कानूनी कागजातहरू, प्रमाण-पत्रहरू, अन्तरिम राहत, छात्रवृत्ति, सामाजिक सुरक्षा कोष, नागरिकता र अन्य कागजातहरू) |
| | निःशुल्क स्वास्थ्य जाँच र औषधीमा पहँचको लागि सहयोग |
| | नेपालमा बेपत्ता भएका व्यक्तिहरूका परिवारहरूसँग सम्बन्धित देवानी कानूनी विषयहरूको बारेमा अध्ययन गरी सरोकारवालाहरू र सम्बन्धित अधिकारीहरूमाझ प्रचारप्रसार गर्ने |
| "जान्न पाउने अधिकार" सम्बन्धी सहयोग | बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय दिवस र बेपत्ता भएका व्यक्तिहरूको सूचीमार्फत बेपत्ता व्यक्तिको अवस्था र स्थितिका सन्दर्भमा परिवारहरूको अधिकार र कानूनी प्रक्रियाहरूको बारेमा जानकारी प्रचारप्रसार गर्ने |
| | परिवारहरूलाई भेटेर तथा अनुगमन समूह बैठकहरूमार्फत बेपत्ता व्यक्तिहरूको मुद्दाको अनुगमन गर्ने |
| | स्थानीय र राष्ट्रिय तहमा परिवार संगठनहरूलाई सहयोग |

नमुना चरणको अवधिमा गरिएको हातेमालो कार्यक्रमको मूल्याङ्कनले मनोविद् पलिन बोस[२] ले विकास गरेको "अनिश्चित क्षति"[३] को अवधारणाले परिवारको सदस्य बेपत्ता भएर द्विविधापूर्ण परिस्थितिमा बाँचिरहेका परिवारहरूको लागि एक उपचारात्मक कार्यक्रमको रूपमा काम गरेको पुष्टि गरेको थियो । उक्त "अनिश्चित क्षति" को अवधारणामा आधारित कार्यक्रमले बोसले सिफारिस गरेका निम्नलिखित छ मार्गनिर्देशनहरू प्रयोग गर्दछ:

क) क्षतिभित्र अर्थ खोज्ने

ख) जीवनमाथि नियन्त्रण कायम गर्ने

ग) नयाँ पहिचान बनाउने

घ) द्विविधाको सामान्यीकरण

ङ) सम्बन्धहरूको पुनरावलोकन

च) जीवनप्रति आशा जगाउने

---

२ Boss, P. (2006). Loss, trauma, and resilience: Therapeutic work with ambiguous loss. WW Norton & Company.

३ http://www.ambiguousloss.com/about_ambiguous_loss.ph

सन् २०१४ मा गरिएको दोश्रो मूल्याङ्कनले हातेमालो कार्यक्रमको सबै चरणहरूलाई समेटेको थियो र लाभान्वितहरूमा कार्यक्रमको समग्र प्रभाव एकदमै राम्रो र सकारात्मक देखिएको निष्कर्ष निकालेको थियो । यो मूल्याङ्कनले एक तिहाइ भन्दा बढी सहयोगी समूहरूले अझै पनि मासिक रूपमा बैठक गर्ने गरेको, बचत तथा ऋण कार्यक्रमहरू पूर्ण रूपमा सञ्चालनमा रहिरहेको तथा महिला सहयोगी समूहहरूका सदस्यहरूलाई उनीहरूका सामाजिक संस्थाहरूमा प्रतिनिधित्व गराइएको कुरालाई प्रकाश पारेको थियो । यो वास्तवमा उदाहरणीय उपलब्धि हो र यसले परिवारहरूलाई गरिएको सहयोग दिगो रहेको कुरा पुष्टि गर्दछ ।

# ४. भौगोलिक फैलावट तथा लाभान्वितहरूको संख्या

आईसीआरसीले प्रकाशित गरेको बेपत्ता व्यक्तिहरूको सूचीअनुसार बेपत्ता व्यक्तिहरूका १,३०० भन्दा बढी परिवारहरू नेपालका ७५ मध्ये ६९ जिल्लामा छरिएर रहेका छन् । विगत छ वर्षमा हातेमालो कार्यक्रमले १,३५० घरधुरीमा बस्ने ७,९६५ जना व्यक्तिहरू (२,२६५ पुरुष, २,७७० महिला र २,९७२ बालबालिका) लाई सहयोग गऱ्यो । यो कार्यक्रमले बेपत्ता व्यक्तिहरूका परिवारहरू रहेका नेपालका कूल ६९ जिल्लामध्ये ४६ जिल्लाका १,२९५ बेपत्ता व्यक्तिका परिवारहरूलाई सेवा प्रदान गऱ्यो । यी लाभान्वित परिवारहरूको संख्या र भौगोलिक फैलावट सम्बन्धी विस्तृत विवरण परिशिष्ट ३ र ४ मा दिइएको छ ।

| बिस्तारका चरणहरू | जिल्लाहरूको संख्या | परिवारहरूको संख्या | घरधुरीहरूको संख्या | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| नमुना | १ | २६७ | २६७ | १७७७ |
| पहिलो | ९ | ३२६ | ३४९ | १९६९ |
| दोश्रो | ५ | १२१ | १२५ | ६५३ |
| तेश्रो | ११ | २५६ | २८२ | १७७० |
| चौंथो | १९ | ३२६ | ३२७ | १७९६ |
| जम्मा | ४६ | १२९५ | १३५० | ७९६५ |

*तालिका १: लाभान्वितहरूको समूहगत वर्गिकरण*

# ५. कार्यान्वयन प्रक्रिया

बेपत्ता व्यक्तिहरूका परिवारहरूको आवश्यकताहरूको अध्ययनले परिवारहरूको वृहद् र जटिल आवश्यकताहरू सम्बोधन गर्नको लागि जिल्ला तहमा प्रर्याप्त मात्रामा मानव संशाधन र प्राविधिक क्षमता उपलब्ध नभएको इङ्गित गऱ्यो । त्यसैले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई गरिने सहयोग दिगो हुने सुनिश्चित गर्न आईसीआरसीले स्थानीय गैरसरकारी संस्था (गैसस) हरू र नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरूसँग साझेदारी गऱ्यो । साझेदारहरूको विस्तृत सूची परिशिष्ट १ मा दिइएको छ) । आईसीआरसीले मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रमका कार्यक्रमगत तथा प्राविधिक पक्षहरूको बारेमा सहयोगी साथीहरू र साझेदार संस्थाहरूका कर्मचारीहरूको क्षमता अभिवृद्धि पनि गऱ्यो । यी क्षमता अभिवृद्धि तालिमहरूमा अवस्था अध्ययन (व्यक्तिहरूको मनोवैज्ञानिक अवस्था अध्ययन र घरधुरी सर्वेक्षण); महिला, बालबालिका र वृद्धवृद्धाहरूलाई भावनात्मक सहयोग; समुदायमा आधारित मनोसामाजिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सीप; स्रोत पहिचान र परिचालन; समूह निर्माण र सहजीकरण; सहयोगी समूहहरूको दिगोपनको लागि परिवाररूलाई सीप प्रदान जस्ता कुराहरूमा जोड दिइएको थियो । यी तालिमहरूमा आधारशिलाका सिद्धान्तमा आधारित विकास अवधारणा र जीविकोपार्जन कार्यक्रमजस्ता सत्रहरू हेफर इन्टरनेशनले सहजीकरण गरेको थियो ।

हातेमालो कार्यक्रमको प्रत्येक पक्षको कार्यान्वयनमा आईसीआरसीले हातेमालोका कर्मचारी र साझेदार संस्थाहरूलाई सुपरीवेक्षण, प्रशिक्षण र सल्लाह-सुझाव प्रदान गऱ्यो । सुपरीवेक्षण विशेष गरी तालिममा लिइएका सीप प्रयोगमा ल्याउने कार्यमा केन्द्रित रह्यो । विभिन्न ढाँचामा अभिलेख राख्ने, सहयोगी समूहहरूलाई भेट्ने र कार्यक्षेत्रमा अन्य क्रियाकलापहरू अवलोकन गर्ने जस्ता कुराहरू सुपरीवेक्षणका मुख्य पाटाहरू थिए । योजना गरिएका क्रियाकलापहरूको मापदण्ड पुनरावलोकन, कार्यान्वयन गर्ने तरीकाहरू उपर छलफल, कमीकमजोरी र चुनौतीहरूको पहिचान र तिनको समाधानजस्ता कुराहरू मासिक बैठकहरूमा गरिन्थ्यो । यी बैठकहरूमा मनोविमर्शकर्ताहरूको दौंतरी सुपरीवेक्षणमार्फत बेपत्ता व्यक्तिका परिवारहरूलाई सहयोग दिने क्रममा व्यक्तिगत रूपमा भोगिएका चुनौतीपूर्ण परिस्थिति र अप्ठ्याराहरूलाई बेग्लाबेग्लै रूपमा छलफल गरिन्थ्यो । आईसीआरसीको मानसिक स्वास्थ्य तथा मनोसामाजिक टोलीले पनि क्रियाकलापहरूको मासिक योजना बनाउन सहजीकरण गरेको थियो जसले गर्दा कार्यक्रमको प्रत्येक चरणमा निर्दिष्ट उपलब्धिहरू हासिल गर्नको लागि प्राथमिकताहरू चयन गर्न सघाउ पुग्यो ।

आईसीआरसीको केन्द्रीय कार्यालयले पठाएका मूल्याङ्कनकर्ताहरूद्वारा दुईपटक कार्यक्रमको बाह्य मूल्याङ्कन गरियो । बर्दिया जिल्लामा कार्यान्वयन भएको कार्यक्रमको नमुना चरणको सन् २०११ मा गरिएको मूल्याङ्कनले हातेमालो कार्यक्रमले लाभान्वित व्यक्तिहरूको जीवनमा पारेका सकारात्मक र महत्वपूर्ण प्रभावहरू प्रस्तुत गरेको थियो । उक्त मूल्याङ्कनले हातेमालो कार्यक्रममार्फत अनिश्चित क्षतिबाट बेपत्ता व्यक्तिहरूका परिवारहरूका सदस्यहरूमा देखिएका समस्याहरू कम भएको र व्यक्तिगत, पारिवारिक तथा सामाजिक तहमा उनीहरूको प्रकार्यता र सक्रियतामा सुधार आएको देखाएको थियो ।




*कर्मचारीहरूको लागि नगरकोटमा आयोजित तालिम ।*


# ६. कार्यक्रमको प्रतिफलहरू


## ६.१.० कार्यक्रमका क्रियाकलापहरूबाट प्राप्त प्रतिफलहरू


*६.१.१ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगहरू*


सहयोगी समूहहरू भावनात्मक र मनोवैज्ञानिक समस्याहरू सम्बोधन गर्ने मुख्य संयन्त्र थिए। यी समूहहरूले महिला र पुरुषहरूलाई उनीहरूले आफ्नो परिवार र समुदायमा भोग्नुपर्ने चुनौतीरूसँग जुध्न सशक्तीकरण गर्ने प्रयत्न गरे । यी समूहहरूको लक्ष्य एक्लोपन दूर गर्ने, भावनात्मक कुराहरू साटासाट गर्ने मञ्च सृजना गर्ने, र महिलाहरूलाई आफ्ना विगतको कठिन अनुभवहरू बाहिर ल्याउन सहयोग गर्ने रहेको थियो । सहयोगी समूहहरूले समेटेका विषयहरू तल दिइएको छः


परिचय र आधारभूत नियमहरू


परिवारमा महिला र पुरुषको भूमिका र कार्यहरू


द्विविधापूर्ण परिस्थितिमा बाँच्नेः द्विविधापूर्ण परिस्थितिले कसरी मन, शरीर, व्यवहार र सम्बन्धहरूमा असर पुऱ्याउँछ र कसरी यी समस्यासँग जुध्ने


बेपत्ता व्यक्तिहरूलाई उनीहरू जीवित रहँदाको अवस्थामा जस्तै गरेर सकारात्मक रूपमा स्मरण गर्ने


बेपत्ता व्यक्तिहरूलाई दिइने व्यक्तिगत संस्मरणहरू समूहमा साटसाट गर्ने


बेपत्ता व्यक्तिहरूलाई सामूहिक रूपमा संस्मरण गर्ने (बेपत्ता प्रियजनको संस्मरण गर्ने)


समुदायमा उपलब्ध सहयोग प्रणाली तथा स्रोत-साधनहरू


सहयोगी समूहको समापन



*रामेछापको एक सहयोगी समूहले आयोजना गरेको बैठकको एक झलक ।*



*बाँकेको एक महिला सहयोगी समूह ।*

प्रत्येक सहयोगी समूहमा बेपत्ता व्यक्तिहरूका श्रीमतीहरू वा आमाहरू वा बुबाहरूमध्येबाट ८ देखि १२ जना सदस्य रहेका थिए । यी सहयोगी समूहहरूले हरेक ७ वा १० दिनमा एकपटक भेला गर्थे र यी भेलाहरूमा आठ वटा सत्रहरू सञ्चालन गरी परिवारका अन्य सदस्यहरूसँग सम्बन्ध सुधार गर्ने वा घुलमिल हुने, आफ्ना अनुभवहरूको सकारात्मक अर्थ खोज्नको लागि सुरक्षित स्थान सृजना गर्ने लक्ष्यका साथ योजनबद्ध छलफल गरिन्थ्यो । सकभर बेपत्ता व्यक्तिहरूका श्रीमतीहरू वा आमाहरू वा बुबाहरूको लागि यस्ता सहयोगी समूहहरू निर्माण गरिएको भए तापनि बेपत्ता व्यक्तिहरूका परिवारहरू कम रहेको जिल्लामा मिश्रित सहयोगी समूह बनाएर यस्ता बैठकहरू गरिएको थियो ।


जम्मा गरी बेपत्ता व्यक्तिहरूका ४७५ श्रीमान्/श्रीमतीहरू, ४७७ बुबाहरू र ४८४ आमाहरूले कूल १८२ सहयोगी समूहहरूमा सहभागिता जनाएका थिए । मनोसामाजिक मनोविमर्शकर्ताहरूले परिवारको सदस्य बेपत्ता भएपछि पीडामा रुमल्लिएमा, पारिवारिक कलह, सामाजिक दबाब, लाञ्छना, भेदभाव र बहिष्करण भोगेका ३१६ व्यक्तिहरूलाई व्यक्तिगत समस्या समाधान केन्द्रित मनोविमर्श सहयोग प्रदान गरेका थिए ।

३० जिल्लाका बेपत्ता व्यक्तिहरूका ३१२ किशोरकिशोरीहरूले सामाजिक र पारस्परिक सम्बन्ध सम्बन्धी सीप, सञ्चार सीप, निर्धक्क भई कुरा राख्ने र अर्काको भावना बुझ्ने सीप विकास गर्ने उदेश्यले संचालित चार दिने आवासीय जीवन उपयोगी सीप तालिम प्राप्त गरे । उनीहरूलाई यो तालिमले समस्याको समाधान खोज्ने सीप, निर्णय क्षमता, भावनात्मक समस्यासँग जुध्ने तथा स्वमूल्याङ्कन सीपलगायत संज्ञानात्मक सीप विकास गर्न सहयोग गऱ्यो ।

२० जना (कूल लाभान्वितहरूको ०.२६%) लाई विशिष्ट तहको मनोचिकित्सा उपचारको लागि धरानस्थित विशेश्वर प्रसाद कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपालगञ्जस्थित कोहलपुर मेडिकल कलेज, पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र ललितपुर स्थित मानसिक अस्पतालमा 'रिफर' गरी पठाइयो । हातेमालो कार्यक्रमले शुरुवाती जाँच, चिकित्सा जाँच र मनोचिकित्सा परामर्शको खर्च बेहोर्नुका साथै बिरामी तथा कुरुवाको आउनेजाने र खानेबस्ने खर्चकोसमेत व्यवस्था गरेको थियो ।

पारिवारिक सन्तुलन ह्रास भएका परिवारहरूमा १५० वटा पारिवारिक स्तरको मनोशिक्षा सत्रहरू सञ्चालन गरिए र यसबाट परिवारका ८७६ सदस्यहरूले खुलस्त भएर कुरा गर्न र एक अर्कालाई बुझ्न तथा सहयोग गर्न सक्षम भए । बेपत्ता व्यक्तिहरूका परिवारहरूका १,३२१ सदस्यहरूको लागि पैंतीस वटा अध्ययन-अवलोकन भ्रमणको आयोजना गरियो र

**कार्यक्रमका विभिन्न चरणहरूमा सहयोगी समूहहरूमा आबद्ध सदस्यहरूको संख्या (सं=१,४२५)**




| | नमुना | पहिलो | दोस्रो | तेश्रो | चौंथो |
|---|---|---|---|---|---|
| श्रीमतीहरू | १३६ | १२६ | ४४ | ७२ | ९७ |
| आमाहरू | ११३ | १२० | ३६ | १०८ | १०५ |
| बुबाहरू | १२६ | ९३ | ३४ | ८० | ९१ |
| मिश्रित | ० | ० | ० | ० | ७७ |
| जम्मा | ३३७ | ३५४ | ११४ | २६० | ३७० |

श्रीमतीहरू आमाहरू बुबाहरू मिश्रित

*चित्र: ३ सहयोगी समूहहरूमा आबद्ध सदस्यरूको कूल संख्या (बिस्तारका चरणहरू अनुरूप)*



*किशोरकिशोरीहरूका लागि धादिङमा आयोजित जीवन सीप तालिको एक दृश्य ।*

यसबाट उनीहरूले स्वाबलम्बन, आत्मनिर्भरता र पारिवारिक सहयोग आदिका बारेमा अन्य जिल्लाका परिवाररूसँग अन्तर्क्रिया गरी सिक्ने र बुझ्ने मौका पाए । यस अलावा, हातेमालो कार्यक्रमले स्थानीय र जिल्ला स्तरमा उपलब्ध स्रोत-साधनहरूको बारेमा परिवारहरूलाई जानकारी दिन जानकारी सत्रहरू पनि सञ्चालन गरेको थियो ।

बुबाहरूको सहयोगी समूहहरूमा परिवारलाई छलफलको विषयको रूपमा प्रस्तुत गरियो र उनीहरूको सहयोगी समूहहरूले ४,०९५ जनाको लागि ५८ वटा सहभोज आयोजना गरे । पैंतालिस वटा 'उपहार प्रदान' (यसको व्याख्या माथि हेर्नुहोस्) कार्यक्रमहरूमा २,००० भन्दा बढी व्यक्तिहरूले सहभागिता जनाएकोले यसबाट पारिवारिक हेरचाह र सहयोग पनि सुदृढ भयो । स्थानीय रूपमै व्यवस्थित गरिएको 'रिफरल' प्रणालीमार्फत परिवारहरूले व्यवसायिक तालिम र शारीरिक स्वास्थ्य उपचारको सुविधा प्राप्त गरे । कूल १८८ व्यक्तिहरूले निःशुल्क स्वास्थ्य उपचार तथा ३०१ व्यक्तिहरूले विभिन्न पेशाको लागि तीनदेखि छ महिनासम्मको व्यावसायिक तालिम प्राप्त गरे ।

परिवारहरूले भोग्दै आएका लाञ्छना, बहिष्करण र सीमान्तीकरणको समस्या न्यून गर्न फरक फरक लक्षित समुदायको लागि विभिन्न क्रियाकलापहरू आयोजना गरिए । सडक नाटकबाट समग्र जनचेतना अभिवृद्धि गर्ने लक्ष्य लिइएको थियो । केही स्थानहरूमा स्कूले विद्यार्थीहरूले बनाएका कलाकृतिहरू पनि सडक नाटकसँगै प्रदर्शन गरिए । गाविस स्तरमा सहयोग जुटाउन सरोकारवालाहरू र सरकारी निकायहरूसँग बैठकहरू गरिए र जिल्ला स्तरका सरकारी र गैरसरकारी संघसंस्थाहरूलाई सचेतीकरण गरी सहयोग जुटाउनको लागि त्यस्तै प्रकारका जिल्ला स्तरीय बैठकहरू पनि गरिए । कार्यक्रम कार्यान्वयन हुँदै जाँदा २६९ वटा गाविस स्तरीय क्रियाकलापहरूबाट ४६ जिल्लाका २०,००० जनाभन्दा धेरै व्यक्तिहरूलाई बेपत्ता व्यक्तिहरूका परिवारहरूको आवश्यकताहरूका बारेमा सचेतना गरियो । यस अलावा, ४३ वटा जिल्ला स्तरीय कार्यक्रम अभिमुखीकरण सत्रहरू पनि आयोजना गरिए । कार्यक्रमको अन्त्यमा ४२ वटा कार्यक्रम गरेर हातेमालो कार्यक्रमका प्रतिफलहरू प्रस्तुत गरियो र सरोकारवालाहरू प्रति आभार व्यक्त गरियो ।

अधिकांश आमाहरूले उनीहरूका बेपत्ता छोराहरूको सम्झनामा धार्मिक संस्कार गर्न चाहन्थे र सहयोगी समूहका सदस्यहरूले १५ स्थानमा पूजाहरूको आयोजना गरे । बेपत्ता व्यक्तिहरूको नाममा ३९ जिल्लाका उन्साठी सार्वजनिक स्थलहरूमा कुवा, स्तम्भ, गेट, प्रतीक्षालय, र मन्दिर निर्माण गरिए । यी स्थलहरू र स्मारकहरू सरकारी, गैरसरकारी, राजनैतिक र सामाजिक नेतृत्वकर्ताहरूको उपस्थितिमा उद्घाटन गरिए । जम्मा गरी ७९ वटा यस्ता संस्मरणात्मक र पूजाका क्रियाकलापहरू गरिए र यी क्रियाकलापहरूमा १३,८२० जनाको उपस्थिति रह्यो । यी क्रियाकलापहरूले बेपत्ता व्यक्तिहरूको सम्झना जीवित राख्नुको अलावा परिवारहरूलाई बेपत्ता व्यक्तिहरूको परिवारको रूपमा सार्वजनिक मान्यता पनि प्रदान गर्‍यो । सार्वजनिक उपयोगिता पनि भएकोले यी संस्मरणात्क स्थल र स्मारकहरूबाट समुदायका अन्य सदस्यहरू लाभान्वित भए जसले गर्दा समुदायबाट सहयोग पाउने र समुदायमा पुनःस्थापन हुने बाटोमा बेपत्ता व्यक्तिहरूका परिवारहरू एक कदम अघि बढ्न पुगे । यस सम्बन्धी आईसीआरसीले एउटा छुट्टै तस्बिर पुस्तिका (फोटोबुक) पनि प्रकाशन गरेको छ ।



*बर्दिया जिल्लामा आयोजित पारिवारिक मिलन सहभोजमा सहभागी भएका बेपत्ता व्यक्तिहरूका परिवारहरू ।*

### ६.१.२ "जान्न पाउने अधिकार" सम्बन्धी सहयोग

बेपत्ता व्यक्तिहरूका परिवारहरूको लागि सबैभन्दा प्राथमिक आवश्यकता भनेको बेपत्ता रहेको आफ्नो मान्छेको अवस्था र स्थितिका बारेमा जानकारी प्राप्त गर्नु हो । बेपत्ता व्यक्तिलाई के भयो भन्ने कुरा परिवारहरूलाई 'जान्न पाउने अधिकार' हुन्छ भन्ने कुरा अन्तर्राष्ट्रिय मानविय कानून र मानवअधिकार कानूनमा व्यवस्था गरिएको छ र यो अधिकारको सम्मान गरिनुपर्दछ । परिवारहरूको 'जान्न पाउने अधिकार' को सम्मान गर्दै आईसीआरसी र नेपाल रेडक्रस सोसाइटीले नेपालमा बेपत्ता भएका व्यक्तिहरूको सूची लगातार नौ वर्ष (वि.सं. २०६४ देखि २०७३ अर्थात सन् २००७ देखि २०१६ सम्म) प्रकाशित गरेका छन् जुन सूची आईसीआरसीले आफ्नो वेबसाइट (www.familylinks.icrc.org) मा पनि अंग्रेजी र नेपाली दुवै भाषामा राख्दै आएको छ । यी प्रकाशनहरूको मुख्य उद्देश्य भनेको सशस्त्र संघर्षको क्रममा नेपालमा बेपत्ता भएका व्यक्तिहरूका परिवारहरूलाई सार्वजनिक मान्यता प्रदान गराउनु थियो । यी प्रकाशनहरू सशस्त्र संघर्षको अवधिमा बेपत्ता भएका व्यक्तिहरूको अवस्था (र सम्भव भएमा बेपत्ता व्यक्ति रहेको वा निजको मानव अवशेष भएको ठाउँ) प्रष्ट पार्न तथा सरकारबाट द्वन्द्वपीडितलाई प्रदान हुने हरेक खालका कार्यक्रमहरूमा बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई समावेश गरिने कुरा सुनिश्चित गर्न नेपाल सरकार एवं सशस्त्र संघर्षका सबै पक्षहरूलाई गरिएका आह्वान पनि थिए ।

आईसीआरसीले तथ्याङ्क संकलन गर्ने, विश्लेषण गर्ने र बेपत्ता व्यक्तिहरूका परिवारहरूको हकमा सशस्त्र संघर्षका सबै पक्षहरूबाट जानकारी लिने आफ्नो कार्यशैलीको बारेमा प्रष्ट पार्न बेपत्ता व्यक्तिहरूका परिवारहरूसँग धेरै बैठकहरू गर्‍यो । आईसीआरसीले हातमालो कार्यक्रम कार्यान्वयन भएका ४६ जिल्लामा आयोजना गरेको ७५ वटा यस्ता बैठकहरूमा कूल १,०८० परिवारहरूले भाग लिए । तलको तालिका नं ४ मा यो कार्यक्रमको विभिन्न चरणमा भएका बैठकहरूमा सहभागी परिवारहरूको संख्या दिइएको छ ।



*'जान्न पाउने अधिकार'अन्तर्गत बाँके जिल्लाको एक परिवारलाई जानकारी दिँदै आईसीआरसीका प्रतिनिधिहरू ।*

### ६.१.३ कानूनी र प्रशासनिक सहयोग


हातेमालो कार्यक्रम अन्तर्गतको कानूनी र प्रशासनिक सहयोग बेपत्ता व्यक्तिहरूका परिवारहरूको दैनिक जीवनमा आवश्यक पर्ने विभिन्न कागजातहरू स्थानीय निकायबाट प्राप्त गर्न जान्नुपर्ने आवश्यक कानूनी व्यवस्थाहरू प्रशासनिक प्रक्रियाहरूको बारेमा जानकारी दिने सत्रहरू सञ्चालन गर्नमा मात्र केन्द्रित थियो । सरकारद्वारा दिइने अन्तरिम राहतको लागि आवेदन दिन




*सप्तरी जिल्लामा सखडा भगवती मन्दिर, छिन्नमस्तामा प्रतीक्षालय उदघाटन समारोह पश्चात सहयोगी समूहका सदस्यहरू सामुहिक तस्बिर खिचाउँदै ।*



*दाङ जिल्लामा पूजा आयोजना गर्दै महिला सहयोगी समूहका सदस्यहरू ।*




*चित्र ४: आईसीआरसीले सहजीकरण गरेको 'जान्न पाउने अधिकार' सम्बन्धी बैठकहरूमा सहभागी भएका परिवारहरूको संख्या नं. हेर्नुहोस् ।*

आवश्यक पर्ने जन्म दर्ता प्रमाण-पत्र, नागरिकता र अन्य कागजातहरू सरकारी कार्यालयहरूबाट प्राप्त गर्नको लागि परिवारहरूले हातेमालो कार्यक्रमका कर्मचारीहरूलाई सहजीकरण गरिदिन र कार्यक्रमका सहयोगी साथीलाई गइदिन अनुरोध गर्दथे। सहयोगी साथीहरूले घरधुरी सर्वेक्षणको क्रममा र सहयोगी समूहहरूको बैठकमा परिवारहरूलाई उनीहरूका कानूनी र प्रशासनिक कठिनाइहरूको बारेमा सोधेर ती कठिनाइहरूको सूची बनाई जिल्ला बार एसोसिएशनमा पठाई आवश्यक सहयोगको लागि अनुरोध गरियो। त्यसपछि बारका प्रतिनिधिहरूले सहयोगी साथीहरू र बेपत्ता व्यक्तिहरूका परिवारहरूको समूहहरूको लागि अभिमुखीकरण तथा अन्तर्क्रिया सत्रहरू सञ्चालन गरे। यसरी हातेमालो कार्यक्रम कार्यान्वयन भएका क्षेत्रहरूमा कूल १,२०४ परिवारहरूको लागि ९८ वटा कानूनी तथा प्रशासनिक अभिमूखीकरण सत्रहरू सञ्चालन गरिए। यसै गरी कूल ६३६ परिवारहरूलाई सहयोगी साथीहरूले विभिन्न कार्यालयहरूमा गएर आफ्ना कानूनी र प्रशासनिक आवश्यकताहरू परिपूर्ति गर्न सहयोग प्रदान गरियो।

### ६.१.४ आर्थिक सहयोग

सन् २००८ मा गरिएको अध्ययनअनुसार बेपत्ता भएका व्यक्तिहरूका परिवारहरूको दोश्रो प्राथिमिकता भनेको आर्थिक सहयोग थियो। हातेमालो कार्यक्रमको आर्थिक सहयोगसम्बन्धी क्रियाकलापहरू हेफर इन्टरनेशनलसँगको सहकार्यमा तयार गरी कार्यान्वयन गरियो। आईसीआरसीको परिचालन सहयोग तथा आंशिक आर्थिक सहयोगमा हेफर इन्टरनेशनल र आईसीआरसीका साझेदार संस्थाहरूबाट हातेमालो कार्यक्रमको दोश्रो चरणको अन्त्यसम्म बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई चौपाया, तरकारीका बीउबीजन, चौपाया बीमा, घाँस-दाना र लघु आर्थिक पहल जस्ता आर्थिक सहयोग प्रदान गरियो।

हातेमालो कार्यक्रमको अन्त्यसम्ममा, १,११२ बेपत्ता व्यक्तिहरूका परिवारहरूले तथा उनीहरूद्वारा छानिएका आर्थिक रूपमा विपन्न थप ३०० महिलाहरूले आर्थिक सहयोग प्राप्त गरे। तलको रेखाचित्रमा लाभान्वितहरूले रोजेका आर्थिक अवसरका प्रकारहरू देखाइएको छ। थुप्रै प्रकारका आर्थिक अवसरहरू उपलब्ध हुँदाहुँदै पनि ७५% परिवारहरू र ५८% आर्थिक रूपमा विपन्न महिलाहरूले बाखापालन रोजे। आर्थिक सहयोग प्राप्त गरेका १,४१२ परिवारहरूमध्ये ८६२ (६१%) परिवारहरूले आफ्नो समुदायका अन्य विपन्न महिलाहरूलाई 'उपहार प्रदान' कार्यक्रम अनुरूप पोथी चौपाया उपहारस्वरूप प्रदान गरे। यसरी हातेमालो कार्यक्रमको आर्थिक सहायता प्राप्त गर्ने जम्मा लाभान्वित घरधुरी २,२७४ हुन पुग्यो।


हातेमालो कार्यक्रमको आर्थिक सहयोगको प्रतिफल पहिलो नौ महिनासम्म अनुगमन फाराम भरेर मापन गरियो। यो मापनले हातेमालो कार्यक्रमको आर्थिक सहयोगमार्फत घरको आर्थिक अवस्थामा २०% को औसतले योगदान पुगेको तथ्य बाहिर ल्यायो। एक परिवारले औषतमा प्रति वर्ष १८,००० रुपैया बराबरको थप आम्दानी गर्‍यो।



*बेपत्ता व्यक्तिहरूका परिवारहरूका कठिनाइहरूका बारेमा सचेतीकरण गर्न बर्दिया जिल्लामा आयोजित सडक नाटकको एक झलक ।*



*आर्थिक सहयोगअन्तर्गत एक जोडी बाखा प्राप्त गर्दै रामेछाप जिल्लाका एक बेपत्ता व्यक्तिकी आमा*




***चित्र ५:*** *विभिन्न आर्थिक अवसरहरूबाट लाभान्वित भएका परिवारहरूको प्रतिशत*

## ***६.१.५ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका गुणात्मक प्रतिफल***

पछि गएर प्रकार्यता वा सक्रियतामा नै असर पुऱ्याउँने नमीठो अनुभूति र नरमाइला संवेगहरूलाई व्याख्या गर्न "मनोवैज्ञानिक पीडा" भन्ने पदावाली प्रयोग गरिन्छ। बेपत्ता व्यक्तिरूका परिवारहरूका सदस्यहरू खास गरी श्रीमतीहरू, आमाहरू र बुबाहरूको मनोवैज्ञानिक स्वस्थताको अवस्था निर्क्योल गर्नको लागि हातेमालो कार्यक्रमले उनीहरूमा देखिएको चिन्ता, निराशा र मनोशारीरिक समस्याहरूको जाँच, पुनर्जांच र अनुगमन गऱ्यो र सोही प्रकारको अध्ययनमार्फत नै कार्यक्रमका प्रतिफलहरू पनि मापन गऱ्यो। यसको लागि तालिमप्राप्त सहयोगी साथीहरूलाई परिचालन गरेर नेपाली भाषामा अनुवाद गरिएको स्व-प्रतिवेदन ढाँचामा आधारित प्रश्नावलीहरू मार्फत तथ्यांक संकलन गरियो।

परिवेश र लक्षित समुदाय सुहाउँदो मापकहरू प्रयोग गरेर परिवारको सदस्य बेपत्ता भई सिर्जित भएको पीडा र पारिवारिक कलह, सामाजिक सहयोग र अप्ठ्यारो परिस्थितिसँग जुध्ने क्षमताको मापन गरियो। चिन्ता र निराशाका लक्षणहरू मापन गर्न *हप्किन्स चेकलिस्ट-२५ (एचएससीएल-२५)*[४] प्रयोग गरियो। मनोशारीरिक समस्या (मनोवैज्ञानिक पीडाको शारीरिक लक्षण) मापन गर्न ब्राडफोर्ड सोमाटिक इन्भेन्ट्री (बीएसआई)[५] प्रयोग गरियो। हातेमालो कार्यक्रममा प्रयोग गर्नु अघी यी मापकहरूलाई पनि नेपाली परिवेशअनुसार प्रमाणीकरण गरी परिवेश सुहाँउदो बनाइएको थियो। यस अलावा, बेपत्ता प्रियजनको आइरहने सम्झनाको कारण भोग्नुपरेको पीडालाई स्थानीय रूपमा तयार गरिएको तीनवटा प्रश्नहरूबाट मापन गरिएको थियो।


मापन गरिएका परिवर्त्यहरूको नतिजा अनुसार समयसँगै मनोवैज्ञानिक पीडामा एकदमै धेरै र निरन्तर रूपले कमी आएको देखियो। परिवारको सदस्य बेपत्ता भई सिर्जित भएको चिन्ता, निराशा, मनोशारीरिक समस्या र पीडाहरू कार्यक्रम कार्यान्वयनको पहिलो वर्षमा क्रमशः ३९%, ४५%, २३% र ३३% ले घट्यो। यी परिवर्त्यहरूमा आएको सुधार तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ।

कार्यक्रम समापनका समयमा महिलाहरूको लागि अन्तिम पटक लिइएको तथ्यांकले परिवारको सदस्य बेपत्ता भई सिर्जित भएको चिन्ता, निराशा, मनोशारीरिक समस्या र पीडा क्रमशः १०%, १२%, १४% र २% ले घटेको देखाउँछ। समग्रमा मनोवैज्ञानिक पीडाका लक्षणहरू ३० महिनाको कार्यक्रम अवधिमा बेसलाइन आँकडाभन्दा ४७% ले घटेको देखिन्छ।

---

४ हप्किन्स चेकलिस्ट-२५ मा २५ वटा प्रश्नहरू हुन्छ जसमा १० वटा प्रश्नहरूले चिन्ताका लक्षणहरू, १५ वटा प्रश्नहरूले निराशाका लक्षणहरू मापन गर्छन्। यी प्रश्नहरूलाई नेपालीमा भ्यान ओमरनको समूहले (सन् १९९९) र थापाको समूहले (सन् २००५) ले प्रमाणीकरण गरेका थिए।

५ ब्राडफोर्ड सोमाटिक इन्भेन्ट्रीले मनोशारीरिक समस्याको मापन गर्छ। बेपत्ता व्यक्तिहरूका परिवारहरूका सदस्यहरूको मनोशारीरिक प्रकृतिको पीडा मात्रा मापन गर्न नेपाली परिवेश अनुसार प्रमाणीकरण गरी परिवेश सुहाँदो बनाइएको सात वटा प्रश्नहरू भएको इन्भेन्ट्री प्रयोग गरिएको थियो। यो इन्भेन्ट्रीको प्रयोग एम्मेलक्याम्प समूहले (सन् २००२) नेपालमा र पौड्याल समूहले (सन् २००९) इन्डोनेशियामा गरेको थियो।





*चित्र ६: मनोसामाजिक पीडाका मुख्य परिवर्त्यहरूमा देखिएको समग्र सुधारको प्रतिशत*

### ६.१.६ उच्च तहका लक्षणहरू भएका लाभान्वितहरूमा देखिएको सुधार

समग्र पीडाले औषत सीमा बिन्दु (कटअफ) नाघेपछि त्यसलाई उच्च तहको लक्षणहरू भनेर बुझिनेछ (औषत सीमा बिन्दुभन्दा उच्च तहमा गएका समग्र पीडाहरू गम्भीर मानिन्छन्)। बेसलाइन सर्वेक्षणको समयमा 'बेपत्ता' सम्बन्धी घटनाले पुरुषहरूलाई भन्दा महिलाहरूलाई बढी असर गरेको देखियो। २८२ जना महिलाहरूमा चिन्ताको उच्च तहका लक्षणहरू देखियो भने ५३ जना बुवाहरूमा मात्र त्यस्तो लक्षण पाइयो। उच्च तहको निराशाका लक्षणहरू ३२२ महिला र ५८ पुरुषहरूमा देखियो। मनोवैज्ञानिक पीडाहरूमध्ये बेपत्ता व्यक्तिको सम्झनाबाट हुने पीडा सबैभन्दा धेरै देखियो भने मनोशारीरिक समस्या दोश्रो स्थानमा थियो। ९९८ मध्ये ४०५ जना महिला र ४५२ मध्ये ९८ पुरुषमा मनोशारीरिक समस्या थियो भने ९९८ मध्ये ५५७ महिला र ४५२ मध्ये १६३ पुरुषलाई बेपत्ता व्यक्तिको सम्झनाबाट हुने पीडा हुन्थ्यो।

हातेमालो कार्यक्रको शुरुवातमा २८२ महिलाहरू (९९८ मध्ये) मा देखिएको चिन्ताको प्राप्ताङ्क मनोरोगको तहको थियो तर यो अङ्क कार्यक्रम समापन हुँदा (३० महिनापछि) जम्मा २० अङ्कमा झऱ्यो। यस्तै गरी ३२२ महिलाहरू (९९८ मध्ये) मा देखिएको निराशाको प्राप्ताङ्क मनोरोगको अवस्थामा थियो तर यो अङ्क कार्यक्रम समापन हुँदा (३० महिनापछि) जम्मा २२ अङ्कमा झऱ्यो। पुरुषहरूको हकमा पनि कार्यक्रम समापन हुँदा (१८ महिनापछि) यस्तै प्रकारको सुधार देखियो। मनोशारीरिक समस्या ४०५ जनाबाट घटेर ७४ जना महिलामा मात्र देखियो भने ९८ जनाबाट घटेर ६३ जना बुवाहरूमा मात्र देखियो। वृद्धवृद्धाहरूमा पनि यस्तो सुधार देखिनु कार्यक्रमको लागि निकै ठूलो उपलब्धि हो किनकी दुई तिहाई सहभागीहरू ६० वर्ष माथिका थिए। तर बेपत्ता व्यक्तिको सम्झनाबाट हुने पीडाको तह भने चिन्ताजनक रह्यो। यो पीडा कम गर्न भने आईसीआरसीको कार्यक्रम मात्र पर्याप्त छैन; सरकारले बेपत्ता व्यक्तिको अवस्था र स्थितिको बारेमा जानकारी परिवारहरूलाई दिन सकेमा मात्र यस सम्बन्धी समस्याहरू कम गर्न सकिन्छ।





*चित्र ७: औषत सीमा भन्दा माथि पिडाका स्तरमा प्राप्ताङ्क भएका व्यक्तिहरूमा देखिएको सुधार*

### ६.१.७ हातेमालो कार्यक्रमको नमुना चरणका लाभान्वितहरूको २०१० देखि २०१६ सम्मको तुलनात्मक विश्लेषण

हातेमालो कार्यक्रमले बर्दिया जिल्लाका लाभान्वित परिवारहरूलाई २०१२ को अन्त्यसम्म सहयोग प्रदान गऱ्यो। बर्दियामा सन् २०१० मा गरिएको पहिलो अध्ययनले बेपत्ता व्यक्तिहरूका २७२ जना श्रीमतीहरू र आमाहरूबाट बेसलाइन (आधार रेखा) तथ्याङ्क संकलन गऱ्यो। उत्तरदाताहरूको संख्या केही घटेर सन् २०११ मा २४५ र सन् २०१२ को जुनमा गरिएको एण्डलाइन (समापन रेखा) अध्ययनमा २०१ जना भयो। सन् २०१६ मा गरिएको फलोअप अध्ययनमा १८० जना उत्तरदाता थिए। उत्तरदाताहरूको पीडाको औसत मान तलको रेखाचित्रमा दिइएको छ।

बर्दियामा बेपत्ता प्रियजनको सम्झनाले हुने चिन्ता, निराशा, मनोशारीरिक समास्या र पीडाको औसत तह हातेमालो कार्यक्रम कार्यान्वयनदेखि कार्यक्रम बन्दा हुँदासम्म निरन्तर रूपमा कमी भयो र कार्यक्रम बन्द भएपश्चात केही बढ्यो, तर सो वृद्धि औषत तहकै छेउछाउमा रहेको देखाउँदछ। यसले कार्यक्रमका प्रतिफलहरू कार्यक्रम समापन भएको चार वर्षपछि पनि रहिरहेको प्रमाणित गर्छ।




*चित्र ७: बर्दियामा सन् २०१० देखि २०१६ बीच देखिएको मनोवैज्ञानिक पीडाको प्रकृति*

# ७. निष्कर्ष र सिकाइहरू

बेपत्ता व्यक्तिहरूका परिवारहरूका आवश्यकताहरूको अध्ययन, हातेमालो कार्यक्रमको प्रारूप, साझेदारी तथा 'रिफरल' प्रणाली, कार्यक्रम कार्यान्वयन प्रक्रिया र हातेमालो कार्यक्रमका गुणात्मक तथा परिमाणात्मक प्रतिफलहरूलाई आईसीआरसीको हातेमालो कार्यक्रम टोली र बाह्य मूल्याङ्कनकर्ताहरूले एकीकृत गरी पृष्ठपोषण गरेका छन् र यसबाट निम्न बमोजिमका निष्कर्षहरू तल प्रस्तुत गरिएको छ ।

- बेपत्ता व्यक्तिहरूका परिवारहरूका बहुआयामी आवश्यकताहरूको सफलतापूर्वक सम्बोधन गर्न सक्षम हातेमालो कार्यक्रम वास्तवमै एक प्रदर्शनीय नमुना कार्यक्रम हो । सन् २०१४ को मूल्याङ्कन प्रतिवेदनले "यो कार्यक्रमको समग्र प्रभाव लाभान्वितहरूमा एकदमै धेरै, निरन्तर र सकारात्मक देखिएको" भनी देखाएको छ । समयको अन्तरालमा यो कार्यक्रमले बेपत्ता व्यक्तिहरूका परिवारहरूका सदस्यहरूको पीडा निरन्तर रूपमा र एकदमै धेरै मात्रामा कम गरेको छ र यसरी यो कार्यक्रमले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई व्यक्तिगत, पारिवारिक र सामाजिक तिनै तहमा प्रतिष्ठा र सुखशान्ति पुर्नप्राप्ति गर्न सहयोग पुऱ्याएको छ ।
- हातेमालो कार्यक्रम वास्तवमै सहयोगको एक एकीकृत र बहुआयामी पद्दति थियो जसमा एकद्वार सहयोग प्रणालीमार्फत बेपत्ता प्रियजनको अवस्था र स्थितिका बारेमा जान्न पाउने अधिकार, कानूनी, प्रशासनिक, मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोग र आर्थिक सहयोग गरिन्छ । यो कार्यक्रम फरक किसिमको तर उदाहरणीय र परिणाम दिने खालको थियो र यसबाट निम्न उपलब्धिहरू हासिल भए:

| कार्यक्रमका अङ्गहरू | मुख्य उपलब्धिहरू |
|---|---|
| 'जान्न पाउने अधिकार' | • १३.२५% (१३५० मध्ये १७९) परिवारहरूले आफ्ना बेपत्ता प्रियजनको अवस्थाको बारेमा आधिकारिक जानकारी प्राप्त गरे ।<br>• १,०८० परिवारहरू 'जान्न पाउने अधिकार' सम्बन्धी भेला, बैठकहरूमा सहभागी भए । |
| कानूनी र प्रशासनिक | • ८९% परिवारहरूले 'बेपत्ता' सँग सम्बन्धित कानूनी/प्रशासनिक कुराहरू अभिमुखीकरण सत्रहरूमार्फत जानकारी प्राप्त गरे ।<br>• ४७% परिवारहरूले आफ्ना कानूनी/प्रशासनिक समस्याहरूको सफलतापूर्वक समाधान गरे । |
| मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग | • सहयोगी समूह र व्यक्तिगत मनोविमर्शको फलस्वरूप मनोवैज्ञानिक तनावमा सुधार, बेसलाइन आंकडाको (सं.= १४४२) तुलनामा ४७% ले कमी ।<br>• सामाजिक सहयोगमा ११% वृद्धि ।<br>• दैनिक क्रियाकलापहरूमा २२% वृद्धि ।<br>• २० जनाले गम्भीर मानसिक स्वास्थ्य समस्याहरूको विशिष्टीकृत उपचार प्राप्त गरे । |
| आर्थिक सहयोग | • परिवारहरूको औषत आर्थिक स्थितिमा २०% वृद्धि (सं.= १,११२) ।<br>• ३०० जना आर्थिक रूपमा अति पिछडिएका महिलाहरू 'उपहार प्रदान' कार्यक्रमबाट लाभान्वित भए<br>• ३०१ परिवारहरूले कार्यक्रमको 'रिफरल' सहयोगमार्फत दीर्घकालीन व्यवसायिक तालिम प्राप्त गरे । |
| आध्यात्मिक र सांस्कृतिक सहयोग | • बेपत्ता व्यक्तिको सम्झनामा १५ वटा वैकल्पिक संस्कार र ५९ वटा संस्मरणात्मक कार्यक्रमहरू आयोजना गरिए । |

- विशिष्ट लक्षित समुदाय (उदाहरणको लागि बेपत्ता व्यक्तिहरूका श्रीमतीहरू, आमाहरू, बुबाहरू र बालबालिकाहरू) को आवश्यकताहरूको अध्ययन गरी बुझिसकेपछि ती लक्षित समुदायको आवश्यकताहरू पूरा गर्न एकीकृत तवरमा विभिन्न क्रियाकलापहरू कार्यान्वयन गरेको हुनाले यो कार्यक्रमले राम्रा उपलब्धिहरू हासिल गर्न सफल भयो ।

- हातेमालो कार्यक्रमले दिगो प्रभावपार्नुको मुख्य कारण भनेको यसले अपनाएको समुदायमा आधारित पद्दति हो जुन पारिवारिक सहयोगी समूहहरूको अवधारणामा आधारित हुँदाहुँदै पनि सामुदायिक संरचना र सहयोग प्रणालीसँग पनि उत्तिकै रूपमा जोडिएको छ । यसै गरी यस कार्यक्रमले हरेक चरणमा विभिन्न क्षेत्रमा लाभान्वित समूहहरूको बारेमा सामाजिक जनसांख्यिक, जनजातीय र साँस्कृतिक अभ्यासहरूको ठोस विश्लेषण गरेर सोही विश्लेषणको आधारमा कार्यक्रमका क्रियाकलापहरू र कार्यान्वयन प्रक्रिया तय गरेको तथ्यलाई पनि यस कार्यक्रमका राम्रा उपलब्धिका कारक मान्न सकिन्छ ।

- हातेमालो कार्यक्रम आर्थिक सहयोग क्रियाकलापहरूको एक एकीकृत अभ्यास थियो जसबाट आर्थिक रूपमा विपन्न महिलाहरूलाई आफ्नै समुदायका अन्य महिलाहरूबाट हेफर इन्टरनेशनलको पद्दतिअनुरूप सञ्चालित 'उपहार प्रदान' कार्यक्रमअन्तर्गत चौपाया उपहार सहयोग प्राप्त गर्न सक्षम बनायो । यसले वैकल्पिक विचारर रणनीति प्रयोग गर्दै संयुक्त प्रयासमार्फत बेपत्ता व्यक्तिहरूका परिवारहरूको पीडा कम गर्न सकिने कुरा उद्घोष गऱ्यो ।

- हातेमालो कार्यक्रमले सशस्त्र द्वन्द्वका दुवै पक्षका पीडितहरूलाई समावेश गरी रचनात्मक वातावरण सृजना गऱ्यो जसमा उनीहरू अन्तर्क्रिया गर्दै स्वावलम्बनका पहलहरूमा संलग्न हुन सके । यसले गर्दा पुर्नस्थापन, मेलमिलापको वातावरणका साथै बहिस्करण, सीमान्तीकरण, र लाञ्छनाजस्ता कुराहरू न्यूनीकरण गर्नसमेत मद्दत मिल्यो । बिना कुनै भेदभाव सबै पृष्ठभूमि (जाति, धर्म, राजनैतिक आस्था, आदि) का व्यक्तिहरूलाई समेटी सहयोगी समूहहरू निर्माण गर्ने प्रक्रिया हातेमालो कार्यक्रमकै कोसेढुंगा सावित भयो । यस अलावा, कार्यक्रम भित्रैबाट वा अन्यत्रबाट उपलब्ध गराइएको सशक्तीकरणका अवसरहरूले पनि लाभान्वितहरूमाझ स्थानीय तहका अगुवाहरूको रुपमा विकसित गर्न योगदान पुऱ्यायो ।

- हातेमालो कार्यक्रमका संस्मरणात्मक क्रियाकलापहरूले बेपत्ता व्यक्तिहरूका सकारात्मक स्मृति जीवित राख्न महत्वपूर्ण भूमिका खेले । बेपत्ता प्रियजनको मृत्यु भएको कुरा स्पष्ट नभएर उनीहरूको अन्तिम संस्कार गर्न परिवारहरू असमर्थ भएको परिप्रेक्ष्यमा बेपत्ता व्यक्तिको स्मृतिमा पूजा लाउने र स्मारकहरू निर्माण गर्ने कार्यले बेपत्ता व्यक्तिहरूका परिवारहरूलाई मनको शान्ति दिने र सार्थक रूपमा सुखशान्ति आर्जन गर्ने उत्तम विकल्प प्रदान गऱ्यो । अन्तिम संस्कारका सट्टामा गरिने यस्ता सांस्कृतिक क्रियाकलापहरूले बेपत्ता व्यक्तिहरूका परिवारहरूका आध्यात्मिक र धार्मिक आवश्यकताहरूलाई सम्बोधन गऱ्यो ।

- हातेमालो कार्यक्रमको प्रारूप र कार्यान्वयन प्रक्रियामा दिगोपनालाई एक अभिन्न अङ्गकै रूपमा राखिएको थियो जसले गर्दा परिवारहरूलाई स्थानीय स्रोत परिचालन गर्ने क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बन्न मद्दत मिल्यो । समूहहरूलाई कसरी दिगो बनाउने र आर्थिक रूपमा विपन्न अन्य महिलाहरूलाई कसरी आर्थिक सहयोग गर्ने भन्ने सम्बन्धमा परिवारहरूलाई दिइएको तालिमले सहयोग सञ्जाल बिस्तार गर्न सघाउ पुग्यो, उनीरूलाई आफ्नो बचत परिचालन गर्न सक्षम बनायो र यसको फलस्वरूप कार्यक्रमको स्वाबलम्बनका पक्षहरू पनि सुदृढ हुन गयो । एक तिहाइ भन्दा बढी सहयोगी समूहरू अझै पनि पूर्ण रूपमा सञ्चालनमा रहिरहनु तथा आफ्नै स्रोत-साधन परिचालन गर्न सक्षम हुनुले यो कार्यक्रमको दिगोपनालाई झल्काउँछ ।

- हातेमालो कार्यक्रमबाट नमुना चरणमा लाभान्वित भएका व्यक्तिहरूको मनोवैज्ञानिक पीडाको मात्राबारेमा सन् २०१६ मा पुनः अनुगमन गरिएको थियो । उक्त अनुगमनले हातेमालो कार्यक्रमले सकारात्मक, निरन्तर र दिगो प्रभाव पारिरहेको देखाएको थियो । यसका अलावा, हातेमालो कार्यक्रमको नमुना चरणमा लाभान्वित भएका व्यक्तिहरू (जम्मा १८०) को पनि मनोवैज्ञानिक पीडा अझैसम्म पनि औसत स्तर भन्दा तल रहनु निश्चय नै उपलब्धिमुलक मान्न सकिन्छ ।

समग्रमा, हातेमालो कार्यक्रमद्वन्द्वसँग सम्बन्धित पीडा कम गर्न स्थानीय स्तरमा विकास एवं कार्यान्वयन गरिएको एक प्रभावकारी समुदायमा आधारित, बहुआयामी र एकीकृत सहयोग कार्यक्रम थियो । यस कार्यक्रमले बेपत्ता व्यक्तिहरूका परिवारहरूका सामु आफ्ना प्रियजन बेपत्ता भएको कारण सिर्जित भएको बहुआयामी कठिनाइहरूलाई ती परिवारहरूको मूल्य-मान्यता, संस्कृति, परिवेश र पहिचानको उचित सम्मान गर्दै विभिन्न क्रियाकलापहरूको संयोजन मार्फत दिगो रूपमा समाधान गर्ने प्रत्यक्ष प्रयास गरेको थियो ।

# परिशिष्टहरू

## परिशिष्ट १. आईसीआरसीको हातेमालो कार्यक्रमका साझेदार संस्थाहरू

### कार्यान्वयन साझेदार संस्थाहरू

**झापा/मोरङ/सुनसरी जिल्लाहरू**
महिला पुनःस्थापना केन्द्र (ओरेक), बिराटनगर
फोनः ०२१-४७०२३८

**बर्दिया जिल्ला**
थारू महिला उत्थान केन्द्र, गुलरिया
फोनः ०८४-४२०३४७/४२०३५०

**चितवन/नवलपरासी जिल्लाहरू**
दियालो परिवार, नारायणगढ
फोनः ०५६-५२२७९७/५२३०३१

**काठमाडौं उपत्यका**
अन्तरङ्ग मनोसामाजिक कल्याण केन्द्र टेकु, काठमाडौं
फोनः ०१-४२२११७३

**रूपन्देही/कपिलवस्तु जिल्लाहरू**
नमुना एकीकृत विकास परिषद्, भैरहवा
फोनः ०७१- ५२७२०५/५२२९०५

**कास्की/तनहु/लमजुङ/गोर्खा जिल्लाहरू**
कोपिला नेपाल, पोखरा
फोनः ०६१-४६६४०३/४६३४८६

**बाँके जिल्ला**
महिला उपकार मञ्च, कोहलपुर
फोनः ०८१-५४०१४४

**दाङ जिल्ला**
ग्रामीण महिला उत्थान केन्द्र, घोराही
फोनः ०८२-५६०४८९/५६०८३७

**नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय**
रेडक्रस मार्ग, पो.ब.नं. २१७,
कालिमाटी, काठमाडौं, नेपाल
टेलिफोनः (९७७) ०१ ४२७२७६१ (हन्टिङ्ग लाइन)
फ्याक्सः (९७७) ०१ ४२७१९१५/४२७३२८५ ईमेलः info@nrcs.org वेबः www.nrcs.org

र

नेरेसोका अछाम, बाग्लुङ, बैतडी, दैलेख, धनुषा, जाजरकोट, जुम्ला, कालिकोट, कञ्चनपुर, काभ्रेपलाञ्चोक, महोत्तरी, मकवानपुर, नुवाकोट, रामेछाप, रौतहट, रोल्पा, रुकुम, सल्यान, सप्तरी, सिन्धुली, सिन्धुपाल्चोक, सिराहा, सुर्खेत र स्याङ्जा जिल्ला शाखाहरू।


### सहकार्य साझेदार संस्थाहरू

**हेफर इन्टरनेशनल नेपाल**
हात्तीबन, ललितपुर, नेपाल, पो. ब. नं. ६०४३, काठमाडों
टेलिफोनः ९७७ १ ५२५१११२/५२५०५५४ फ्याक्स्ः ९७७ १ ५२५०८७३
इ-मेलः heifer.nepal@heifer.org

र


बेपत्ता परिवार समाज नेपाल (नेफाड) केन्द्रीय सचिवालय बागबजार, काठमाडौं
इ-मेलः nefad.nepal@gmail.com, वेबः nefad.wordpress.com टेलिफोनः (९७७) ९८१८५००२४६

## परिशिष्ट २. मुख्य उपलब्धिहरू

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| बेपत्ता भएका व्यक्तिहरू | समेटिएका जिल्लाहरू | कूल लाभान्वित घरधुरी | कूल लाभान्वित जनसंख्या |
| १२९५ | ४६ | १३५० | ७९६५ |
|  |  |  |  |
| सहयोगी समूहहरूको संख्या | आर्थिक सहायता प्राप्त गरेका परिवारहरू | व्यक्तिगत मनोविमर्श सहयोग प्राप्त गरेका व्यक्तिहरू | व्यक्तिगत मानसिक स्वास्थ्य सेवामा 'रिफरल' सहयोग प्राप्त गरेका व्यक्तिहरू |
| १८२ | १११२ | ३१६ | २० |
|  |  |  |  |
| बेपत्ता व्यक्तिहरूको स्मृतिमा निर्मित स्मारकहरू | 'जान्न पाउने अधिकार' सम्बन्धी बैठकहरूमा सहभागी भएका परिवारहरू | कानूनी तथाप्रशासनिक सहयोग प्राप्त गरेका परिवारहरू | बेपत्ता व्यक्तिको अवस्था र स्थितिको बारेमा आधिकारिक जानकारी प्राप्त गरेका परिवारहरू |
| ५९ | १०८० | ६३६ | १७९ |

## परिशिष्ट ३ : हातेमालो कार्यक्रमका विभिन्न चरणहरू र तिनको फैलावट

# आईसीआरसीको हातेमालो कार्यक्रम (२०१०-२०१६)




**परिशिष्ट ४ : नेपालमा सन् २०१६ सम्म पनि बेपत्ता रहेका व्यक्तिहरुका परिवारहरू (बेपत्ता व्यक्ति खोजी गर्ने परिवारजन हाल बसोबास गर्ने जिल्लाको आधारमा) ।**

## NUMBER OF ENQUIRERS BY DISTRICT IN NEPALI

ICRC




३६ ले उल्लेखित जिल्लामा रहेका बेपत्ता व्यक्तिको खोजी गर्ने परिवारको संख्यालाई जनाउँछ ।

| | |
|---|---|
| तथ्याङ्क स्रोतः प्रोटेक्शन विभाग, आईसीआरसी<br>तयार गर्ने : आईसीआरसी<br>मितिः अगष्ट २०१६ | यो नक्शा जानकारीको लागि मात्र हो, यसले कुनै राजनीतिक अर्थ बोक्दैन । |

## आईसीआरसीको लक्ष्य

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) निष्पक्ष, तटस्थ र स्वतन्त्र सङ्गठन हो जसको एक मात्र मानवीय लक्ष्य सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूबाट पीडित व्यक्तिहरूको जीवन र मर्यादाको संरक्षण गर्नु र उनीहरूलाई सहयोग उपलब्ध गराउनु हो।

आईसीआरसीले मानवीय कानून र विश्वव्यापी मानवीय सिद्धान्तहरूको प्रवर्धन र तिनलाई सुदृढ पारेर पीडालाई रोक्ने प्रयत्न पनि गर्दछ। सन् १८६३ मा स्थापित आईसीआरसीबाट न जेनेभा महासन्धिहरू तथा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसन्ट अभियानको उत्पत्ति भएको हो। यसले सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूमा रेडक्रस अभियानद्वारा सञ्चालित अन्तर्राष्ट्रिय गतिविधिहरूको निर्देशन र समन्वय गर्दछ।

ICRC

रेडक्रसको अन्तर्राष्ट्रिय समिति
पोष्ट बक्स नं: २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं
टेलिफोन: ४१७२८५/४१७२७९ फ्याक्स: ४१७१३७
ईमेल: kathmandu@icrc.org वेब: www.icrc.org
© आईसीआरसी, अगष्ट २०१६

2016.0190/002; 257 08 2016 2500